पाँचपोखरी थाङपाल गाँउपालिकाको गाँउ सभाको १९ औं अधिवेशन

गाँउपालिका अध्यक्ष श्री टासी लामाद्धारा प्रस्तुत

**आर्थिक वर्ष २०८३/०८४**

# नीति तथा कार्यक्रम

**पाँचपोखारी थाङपाल गाँउपालिका**

**थाङपालधाप, सिन्धुपाल्चोक**

**असार १०, २०८३**

“शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन

समृद्धि पाँचपोखरीको मुलधन”

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**पाँचपोखरी थाङपाल गाँउपालिकाको यस गरिमामय गाँउ सभाको १९ औं अधिवेशनमा उपस्थित गाँउपालिकाको माननीय सदस्यहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु तथा पत्रकार महानुभावहरु ।**

सर्वप्रथम म पाँचपोखरी थाङपाल गाँउपालिकाको यस गरिमामय गाँउ सभाको १९ औं अधिवेशनमा उपस्थित गाँउ सभाका माननीय सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु तथा पत्रकार महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु । नेपाली जनताको महत्वपूर्ण योगदानले जारी गरिएको नेपालको संविधान २०७२ को भावना अनुरुप लागु भएको संघीय शासन प्रणाली अनुसार स्थापित तीन तहको सरकार अर्न्तगत लोकतन्त्रको महत्वपुर्ण र सुन्दर पक्ष आवधिक निर्वाचन अनुरुप स्थानीय तह निर्वाचन २०७९ का माध्यमबाट यस पाँचपोखरी थाङपाल गाँउपालिकाको दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित भै कार्यभार सम्हालेको समेत चार वर्ष पूरा भएको छ। पाँचौं वर्षमा प्रवेश गर्दै गर्दा आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवान्तित महशुस गरेको छु। यस अत्यन्तै महत्वपूर्ण क्षणमा राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताको प्रतिनिधि मार्फत राज्य संचालन गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउने क्रममा भएका जन आन्दोलन एवम् विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, नेपालमा भएका भ्रष्टचार, नातावाद र सरकारले सामाजिक संजालहरुमा लगाएको रोक विरुद्ध वि.स.२०८२ भदौ २३ र २४ गते भएको जेन-जी (**Gen-Z**) आन्दोलनका क्रममा सहादत्त प्राप्त गर्नु भएका वीर शहिदहरु तथा यस पाँचपोखरी थाङपाल गाँउपालिका वडा नं.४ को पूर्व वडा अध्यक्ष राम बहादुर तामाङ तथा वडा नं.१ का पूर्व वडा अध्यक्ष सुर्यमान दोङ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। विभिन्न आन्दोलन र संघर्षका क्रममा घाईते र बेपत्ता हुनु भएका महानुभावहरु प्रति स्वास्थ्य लाभको कामना र सम्मान प्रकट गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवम् स्वाभिमान लोकतन्त्र र जनजिविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको एकपटक स्मरण गर्न चाहन्छु र उच्च सम्मान पनि व्यक्त गर्दछु।

**माननीय सदस्यज्यूहरु,** गाँउपालिकाको नीति तथा कार्यक्रम नेपालको संविधान, प्रचलित कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारका नीति मार्गदर्शन, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण तथा गाँउपालिकाको आवधिक योजना तथा स्थानीय निर्वाचनमा गरेको प्रतिबद्धताका आधारमा तर्जुमा गरिएको हो । यी नीतिहरु दिगो, समावेशी, उत्तरदायी र जनमुखी विकासको दिशामा अघि बढ्ने आधारशिला हुन् । सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम् उपयोग गरिएको छ । स्मार्ट गर्भनेन्स, विद्युतीय अभिलेख व्यवस्थापन, विद्युतीय बिलिङ्ग प्रणाली, बैंकिङ्ग माध्यमबाट सामाजिक सुरक्षा भुक्तानी, कर्मचारीको अनुशासन तथा समय पालनाका लागि विद्युतीय हाजिरी प्रणाली जस्ता अभ्यासले प्रशासनिक कार्यशैलीमा नवीनता र विश्वसनीयता थपेको छ। सेवा प्रवाहलाई अझ प्रभावकारी र नागरिकको

पहुँचमैत्री बनाउन कार्यपालिकाभित्र समय-समयमा नीतिगत छलफल, समीक्षात्मक बैठक तथा आवश्यक निर्देशन मार्फत सुधारका पहलहरु भईरहेको छन् । विकास निर्माणका कार्यहरुमा सन्तुलित दृष्टिकोण अवलम्बन गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, विपद् व्यवस्थापन तथा सुशासन र संस्थागत सुदृढिकरणलाई विशेष प्राथमिकतामा राखी योजनाहरु कार्यान्वयन गरिदैं आएको छ । साथै, यस गाँउपालिकालाई पूर्ण वातावरणमैत्री, जोमिखमुक्त, गाँउपालिकाबाट सुन्दर हिमाली परिदृश्य देखिने, वडाका सबै भू-भागहरु प्रष्ट देखि सकिने तथा सरसरफाईयुक्त बहुपहिचान, बहुउद्धेश्य, बहु आयमिक गाँउपालिकाको रपमा विकास गर्न समेत सफल भएका छौं ।

**माननीय सदस्यज्युहरु,** संघीय शासन प्रणालीको कार्यात्मक तहका रुपमा रहेको स्थानीय सरकारको अभ्यासमा दोस्रो ५ वर्षे कार्यकालको चौथोऔं वर्ष पार गरी  पाँच औं वर्षको पालिकाको विकासको खाका निर्धारण गर्ने क्रममा हामी रहेका छौं । यस अवधिमा पालिकाका बहु क्षेत्रगत समस्या एवम् आवश्यकताहरु, पालिकाका फराकिलो अपेक्षा, नागरिकहरुको असिमित चाहनाहरु र स्रोत साधनको सिमितता बिचमा सन्तुलन कायम गर्दै अघि बढ्ने क्रममा आर्थिक, सामाजिक, पूर्वाधार निर्माण, वातावरण र संस्थागत सुशासनका क्षेत्रमा धेरै कार्यहरु गरिएका भएपनि हाम्रो आंकाक्षा अनुरुपका उपलब्धीहरु सिर्जना गर्न अझै प्रयत्न गर्नुपर्ने आवश्यकता देखिन्छ । हामी निर्वाचित भएर कार्य आरम्भ गरे पश्चातको यस अवधिमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा वर्षेनी भएको उल्लेख्य कटौती, पालिका क्षेत्रका लागि संघीय तथा प्रदेश तहका आयोजना छनौटमा दिईएको न्यून प्राथमिकता तथा पालिकाको आन्तरिक आयमा भएको सामान्य स्तर मात्रको वृद्धिका बाबजुद पालिकाको सिमित स्रोत साधनलाई वडा तहसम्म विकेन्द्रित गर्दै पालिकाबासीका असाध्य एवम् टड्कारा समस्याहरुमा केन्द्रित रही कार्यहरु अघि बढाईयो । पालिकाको मेरुदण्ड यसबाट पालिकाको परिधीय ग्रामिण भेगमा विगतको तुलनामा स्रोत साधनको प्रवाह बढेको भएपनि बहु विषय क्षेत्रका सबै समस्याहरुलाई समान महत्व दिई सम्बोधन गर्नुपर्ने बाध्यताले गर्दा सबै क्षेत्रमा अपेक्षा अनुरुपका उल्लेख्य नतिजा सिर्जना गर्न नसकिएको अवस्था हामी माझ रहेको छ । यति हुँदा हुँदै पनि भूकम्पले पूर्ण रुपमा ध्वस्त भएको नागरिकहरुको निजी आवास निर्माण, सेवा प्रदायक सरकारी निकायका कार्यालयहरु, विद्यार्थीहरुले अध्ययन गर्ने विद्यालयहरु, खानेपानी व्यवस्थापन, सम्पूर्ण नागरिकहरुलाई विद्युत पहुँच, नागरिकको पहिलो प्राथमिकतामा रहेको स्वास्थ्य कार्यालयहरु पूर्ण रुपमा सम्पन्न गर्न सकिएकोमा आफूलाई गौरवान्तित ठान्दछु ।

**माननीय सदस्यज्यूहरु,** गाँउपालिकाको न्यून आर्थिक श्रोत साधनका बापजुद पनि बहुपहिचान सहितको पालिका भवन, पालिका प्रवेशद्धार तथा सूचना केन्द्र, प्रहरी चौकी भवनहरु, वडा कार्यालयहरु, विद्यालय भवनहरु, स्वास्थ्य कार्यालयका भवनहरु तथा अस्पताल, भूकम्प प्रभावित तथा विभिन्न कालखण्डमा भएको बाढी पहिरो प्रभावित जनताहरुको नीजि आवास निर्माण, खानेपानी, सिँचाई, मोटरवेल पुल, झोलुङ्गे पुल, सामुदायिक भवन, मन्दिर, गुम्बा, चर्च, चैत्य, लहरेमाने, खेलमैदान, पाटी पौवा, चौतारी, प्रतिक्षालय, पार्क लगायतका अधिकांश संरचनाहरु निर्माण भएको समेत जानकारी गराउँदै विकास निर्माणमा आम नागरिकको लगाव र यस क्षेत्रको पहिलो प्राथमिकतामा रहेको तर पूर्ण हुन नसकेको गाउँपालिकाको लाईफ लाईनको रुपमा रहेको **मेलम्ची-भोताङ सडक खण्ड(पाँचपोखरी पर्यटन मार्ग), दाउचेत-बाँसखर्क-आमा याङ्ग्री सडक खण्ड(आमा याङ्ग्री सडक खण्ड), गाईपाईले-गाउँपालिका-गुन्सा-रैथाने सडक खण्ड(पालिका केन्द्र सडक), स्याउले-गोब्रे-भोताङ सडक खण्ड** पहिलो प्राथमिकता रहनुका साथै सबै वडा कार्यालय जाने सडकहरु पनि यस गाँउपालिकाको प्राथमिक सडकको रहेको कुरा अवगत गराउँदछु । तर पालिकाको सिमित आय स्रोत भएकाले

उक्त सडकहरुको कालोपत्रे  गर्न नसकिएको र संघीय तथा प्रदेश सरकारबाट अपेक्षित सहयोग नपाएकोले लाईफलाईनको रुपमा रहेका सडकहरु समेत बनाउन नसकेकोमा दुखित रहेको कुरा यस गरिमामय सभामा अवगत गराउन चाहन्छु । यति हुँदा पनि यसै आर्थिक वर्षबाट **मेलम्ची-भोताङ सडक खण्ड(पाँचपोखरी पर्यटन मार्ग)** लगभग ७ कि.मि. सडक कालोपत्रको लागि स्रोत सुनिश्चित सहित कार्य अगाडी बढिरहेको र **दाउचेत-बाँसखर्क-आमा याङ्ग्री सडक खण्ड(आमा याङ्ग्री सडक खण्ड)** लाई मेलम्ची खानेपानी विकास समिति मार्फत स्तरोन्नतीको लागि थप बजेट व्यवस्थापन समेत भएको तथा **गाईपाईले-गाउँपालिका-गुन्सा-रैथाने सडक खण्ड(पालिका केन्द्र सडक)** को लगभग २.५ कि.मि. सडक खण्ड पनि कालोपत्रे गर्ने गरी कार्य अगाडी बढेको यसै गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

**माननीय सदस्यज्यूहरु,** उल्लेखित परिदृश्यमा समुन्नत तथा समृद्धि पाँचपोखरीको हाम्रो दुरदृष्टि बमोजिम पालिकाका प्राथमिकता प्राप्त क्षेत्रमा साधन स्रोतलाई केन्द्रित गरेर संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा निजी, गैरसरकारी एवम् सामुदायिक क्षेत्रसँगको सहकार्य र साझेदारीमा कार्य गर्नु अपरिहार्य भएको छ साथै गरिरहेको अवस्था पनि छ । सोका लागि आगामी आ.व.२०८३/०८४ मा प्राथमिकता प्राप्त क्षेत्रमा बजेटलाई केन्द्रित गरी अनुभुति योग्य नतिजा सिर्जना गर्ने कुरामा विशेष जोड दिईएको छ ।

पाँचपोखरी थाङपाल गाँउपालिकाको सर्वाङ्गीण विकासका लागि आर्थिक, सामाजिक, सांस्कृतिक विकासका उद्धेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरिएको थियो। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी तथ्य र तथ्याङ्कका आधारमा नतिजा ल्याउने सङ्कल्प गरिएको थियो । सोही अनुरुप पाँचपोखरी थाङपाल गाँउपालिका अगाडी बढिरहेको छ। नेपालको संविधान २०७२ को कार्यान्वयन गर्दै संघीयता संस्थागत गरी विकास र समृद्धिको यात्रामा अगाडी बढिरहेका छौँ । यस अवधिमा हामीले धेरै अनुभव लिने अवसर पाएका छौँ । कार्य सम्पादन गर्ने सवालमा भएका कमिकमजोरीलाई सच्याउँदै कार्य सम्पादनमा थप प्रभावकारी ल्याउने छौँ । विगत वर्षहरुमा निर्माण भएका नीति, कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा देखिएका कमजोरी र समस्याहरुबाट पाठ सिक्दैँ जनसमुदायको आवश्यकता र चाहना एवम् गाँउपालिकाको उद्धेश्य र लक्ष्य अनुसार साथै दीगो विकासका उच्च लक्ष्य हासिल गर्दै स्थानीय तहमा गरेको आफ्नो प्रतिबद्धता समेतलाई आधार मान्दै आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम तयार पारिएको छ ।

**माननीय सदस्यज्यूहरु, "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन समृद्ध पाँचपोखरीको मूलधन"** भन्ने नाराका साथ गाँउपालिकाले आगामी आर्थिक वर्षका लागि विकासका योजनाहरुलाई मार्गदर्शन गर्न र श्रोत साधनहरुको उपयोगमा दिशानिर्देश गर्ने हेतु सहित यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। देशको राष्ट्रिय लक्ष्य पुरा गर्दै समृद्ध पाँचपोखरी गाँउपालिका सुखी र खुशि पाँचपोखरीवासी बनाउने संकल्प गरेका छौँ । यस संकल्प पुरा गर्न हामी ईमान्दारपुर्वक जवाफदेही हुँदै स्पष्ट नीति र कार्यक्रम सहित अगाडी बढ्ने छौँ। यद्यपी हाम्रो सामु धेरै चुनौतीहरु छन् । चालु आर्थिक वर्षमा संघ सरकारबाट समानीकरण अनुदानमा गरिएको भारी कटौती साथै पालिकाको आन्तरिक श्रोत समेत ज्यादै कम भएका कारण सम्पन्न भएका कतिपय विकास योजनाहरु दायित्वको रुपमा रहने संभावना छ । आगामी आर्थिक वर्षका लागि प्राप्त हुने समानीकरण, राजश्व बाडँफाडँ, विशेष अनुदान लगायत संघ सरकारबाट प्राप्त अनुदान घटेको छ । यस कारण अब हामीले पालिकाको आन्तरिक आम्दानी बढाउँदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकङ्क्षाहरुको सम्बोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ। हामीले पाँचपोखरी पर्यटन प्रर्वद्धनमा वृद्धि गर्दै आन्तरिक आम्दानी बढाउने उद्धेश्यका

साथ पाँचपोखरी थाङपाल गाँउपालिकालाई पर्यटन हबको रुपमा विकास गर्न पालिकाको गौरवको योजनाको रुपमा रहेको भोटेनाम्लाङमा एउटै ढुङ्गैमा ८४ फिट अग्लो रहेको बुद्धको मूर्ति तथा पार्क, थाङपालकोटमा ५१ फिटको गुरु रेन्पोर्छेको मूर्ति तथा पेमाछल उद्यान केन्द्र तथा रैथानेश्वरी ताल मन्दिर, बाँसखर्कको मिनी चिया बगान, बरुवाको आमा याङ्ग्र तथा खड्कुले छाँगो, भोताङको पाँचपोखरी तथा छिम्ती ड्रयागन झरना, गुन्साको तोप्केस्योङ झरना तथा थाङपाल सङ्ग्रालय, थाङपालधापको लेखर्क चारधाम, लाँगर्चेको बेत्रावती तथा नौलिङ्गेश्वरी मन्दिरका क्षेत्रमा काम गरिरहेको छ । विकासका काममा पछाडी परेका वर्ग र समुदायलाई विकासको मुल प्रवाहमा ल्याउने, उत्पादनशिल लगानी अभिवृद्धि गरी रोजगार सृजना, विस्तार र उत्पादकत्व वृद्धि गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्न कृषि उपज संकलन केन्द्र संचालन, पर्यटन विकास र विस्तार गर्ने, वन जंगल तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा उपयोग गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने र सामाजिक विकासलाई संस्थागत गर्दै पालिकावासीहरुमा आफ्नै गाँउ ठाँउमा रही केही गरौँ भन्ने भावना विकास गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने जिम्मेवारी स्थानीय सरकारको रुपमा हाम्रो सामु रहेका छन् ।

**माननीय सदस्यज्यूहरु,** गाँउपालिकाको न्यून आर्थिक स्रोत हुँदा पनि तल उल्लेखित केही महत्वपूर्ण मुख्य उपलब्धीहरु समेत सम्मानित यस सभामा उजागर गर्न चाहन्छु ।

**१. निःशुल्क रुपमा उपलब्ध भएको ४५ रोपनी १३ आना जग्गाको क्षेत्रफल भित्र गाउँपालिका सभा हल सहितको १५ कोठाको २ वटा अस्थायी भवन, गाउँपालिकाको वातावरणमैत्री, जोखिममुक्त तथा पहिचान सहित ८ वटै वडाको भू-भाग देखिने ५ वटा भवन सहितको ३५ कोठाको पक्की भवन निर्माण सम्पन्न**

**२. विद्यालय समायोजन अर्न्तगत वडा नं.४ मा रहेको सम्पूर्ण विद्यालयहरु एक आपसमा समायोजन गरी बागमती प्रदेशकै दोस्रो वृहत् श्री थाङपाल भ्याली मा.वि. निर्माण सम्पन्न गरी पूर्व राष्ट्रपति बाहुबलिबाट समुद्घाटन भई संचालन भएको**

**३. वडा नं.४ स्थित नागी थाम डाँडामा ५१ फिट अग्लो गुरु पध्मसम्भव को मूर्ति कुँदे कार्य भईरहेको र उक्त स्थानलाई पेमाछल उद्यान केन्द्रको रुपमा अघि सारेको**

**४. वडा नं.७ स्थित भोटेनाम्लाङमा ८४ फिट अग्लो एउटै ढुङ्गामा बुद्धको मूर्ति कुँदने र बुद्ध पार्क निर्माण कार्य भईरहेको**

**५. सबै घरहरुमा डिजिटल घर नं. प्रयोगको थालनी**

**६. स्थानीय पाठ्य पुस्तक अर्न्तगत “मेरो पाँचपोखरी” कक्षा ८ सम्मको लागि प्रकाशन गरिएको मातृभाषा अर्न्तगत गोम्पा शिक्षाको शुरुवात**

**७. नमूना युवा संसद कार्यक्रम संचालनलाई निरन्तरता**

**८. सुत्केरीसँग उपाध्यक्ष, वडा महिला सदस्य भेट कार्यक्रममा स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई रु.१,५००।- बराबरको पोषिलो खानेकुरा वितरण**

**९.विद्यालयमा अध्ययनरत किशोरी तथा आम महिलाहरुको लागि निःशुल्क स्यानिटरी प्याड वितरण**

१०. नियमित दुध बिक्रि गर्ने कृषकलाई प्रति लिटर रु.३ रुपैँया अनुदान

११. आधुनिक तथा डिजिटल पर्यटन सूचना केन्द्र तथा पहिचान सहितको प्रवेशद्धार निर्माण

१२. तिलमान पास तथा गाङचेम्पो हिमालको सफल आरोहण

१३. खाल्डेखोला सूचना केन्द्रमा कोसेली घर निर्माण गरी पालिकाभित्र उत्पादित हस्तकला, प्राचिन सामाग्रीहरु लगायतका सामाग्रीहरु पर्यटकहरुलाई आवश्यकता अनुरुप बिक्रि वितरण गर्ने कार्यको तयारी

१४. गाउँपालिकाको सबै वडामा बर्थिङ सेन्टर स्थापना गरी संचालनमा रहेको

१५. गाउँपालिकाभित्र ८०% स्वच्छ तथा व्यवस्थित खानेपानीको व्यवस्थापन

१६. सबै वडामा विद्युत् लाईन विस्तार तथा काठको पोल विस्थापित तथा नाङ्गो तार विस्थापन कार्यको शुरुवात

१७. भूकम्प प्रभावितहरुको ७२२४ निजी निवास निर्माण सम्पन्न

१८. शहिद युक्त बहादुर पार्क निर्माण

१९. ६०% सिँचाई कुलो ढलान

२०. वडा नं.३,४,५ र ६ मा नमूना फोहोरमैला संकलन तथा व्यवस्थापन केन्द्र निर्माण (MRF)

२१. पाँचपोखरी थाङपाल गाउँबाल संरक्षण समितिमा रु.६० लाखको अक्षयकोष व्यवस्था

२२. सबै वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुमा पूर्ण रुपमा ई-हाजिरीको व्यवस्था गरिएको, गाँउपालिकालाई प्रविधिमैत्री गाँउपालिकाको रुपमा विकास गरिएको

२३. उपभोक्ता समिति मार्फत काम गराउँदा सम्पूर्ण कामदार तथा खर्च भुक्तानी सम्बन्धित कामदारहरुको व्यक्तिगत बैंक खातामा भुक्तानी

२४. स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण, भूउपयोग योजना तथा भूउपयोग सोचपत्र प्रकाशन

२५. भू-गर्भविद्द्धारा १०३ वटा क्षेत्रको भौगर्भिक अध्ययन तथा प्रतिवेदन तयार

२६. प्रत्येक त्रैमासिक सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वडा कार्यालयमा वितरण र आवश्यकता हेरी लाभग्राहीको घरमा नै भत्ता वितरण भईरहेको

२७. बाढीको ठूलो क्षतिबाट बचाउन ठाँउ-ठाँउमा सूचनामूलक साईरन जडान

२८. १२ महिना मुख्य सडकहरुमा यातायात पूर्ण रुपमा संचालन

२९. २ मुख्य सडकको नाम परिवर्तन (मेलम्ची भोताङ सडकलाई पाँचपोखरी पर्यटन मार्ग र अर्को मेलम्ची दाउचेत केउरेनी बाँसखर्क जतन बरुवा याङ्ग्री सडकलाई आमा याङ्ग्री सडकको नाम)

३०. सम्पूर्ण सरकारी कार्यालय भवनहरु निर्माण सम्पन्न

३१. पालिका भित्रकै सबैभन्दा लामो मुडे(लेखर्क) कोटगाँउ झोलुङ्गे पुल ३४५ मिटर लामो सम्पन्न

३२. गाउँपालिका भित्रका सबै व्यवसायको खाल्डे खोलाको प्रवेशद्धारमा अनुगमन गरी अखाद्य वस्तु चेकजाँच गर्ने र अखाद्य वस्तुहरु जफत गरी नष्ट गर्ने गरिएको तथा नियमित बजार अनुगमनका साथै सेवा अनुरुपको ३ रङको स्टीकर प्रदान

३३. गर्भवती सुत्केरीको लागि गाउँपालिका भित्र दुईतर्फि र अन्यत्र एकतर्फि साथै ज्येष्ठ नागरिक र अपाङ्ग "क र ख" लाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान

३४. निःशुल्क पशुपंक्षी औषधी तथा खोप वितरण

३५. पाँचपोखरी पर्यटन सिँढी निर्माण तथा जतन ज्वोथान पर्यटन सिँढी निर्माण

३६. उपभोक्ता समिति मार्फत काम गर्ने सम्पूर्ण कामदारको बैंक खाता मार्फत ज्याला भुक्तानी

३७. २०७८ सालको बृहत् बाढी पहिरोबाट पीडितहरुको निजी आवासको रुपमा एकिकृत बस्तीको स्थापनाको थालनी

३८. दिगो चक्रिय पुँजी परिचालन कार्यविधि २०७७ निर्माण गरी सहकारी मार्फत लक्षित वर्गका लागि २ वर्ष सम्म बिना व्याज व्यवसाय संचालन गर्नका लागि ऋण रकम उपलब्ध

३९. हिंसामा परेका महिलाहरुलाई साझेदारी संस्था र गाउँपालिकाको आर्थिक सहयोगमा संरक्षण गृहमा पुर्नस्थापन

४०. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन स्थानीय अनुकूलन कार्ययोजना निर्माण

४१. भू-उपयोग परिषद् तथा कार्यान्यनन् समिति गठन गरी जग्गा वर्गिकरणको कार्य सम्पन्न

४२. सामुदायिक भवन निर्माण गर्दा भवनको नाममा जग्गा धनी पुर्जा प्राप्त भए पश्चात् मात्र योजना सम्झौता गर्ने व्यवस्था

४३. गाउँपालिकाबाट नै श्रम स्विकृतिको प्रारम्भ

४४. ८ वटै वडामा ईन्टरनेट केबुल लाईन विस्तार

४५. दुई वटा बहुउद्धेश्य कृत्रिम झरना निर्माण (ड्रागन झरना भोताङ र तोप्केस्योङ झरना गुन्सा)

४६. KOICA र गाउँपालिकाको साझेदारीमा कृषि हाटबजार तथा कृषि संकलन केन्द्र स्थापना, कृषि एम्बलेन्स सचालनमा आएको

४७. पाँचपोखरी हाफ म्याराथुन संचालन

४८. क्रिकेट सिन्धुपाल्चोक प्रारम्भ

४९. नेपाल भ्रमण वर्ष २०२० भव्य रुपमा नागी थामडाँडामा सम्पन्न गरिएको, साथै नेपाल सरकारले नेपालको घुम्नै पर्ने १०० नयाँ गन्तव्यहरु मध्येमा पाँचपोखरी १६ औं स्थानमा पर्न सफल भएको

**५०. पाँचपोखरी प्राथमिक अस्पताल निर्माण सम्पन्न गरी टेलिमेडिसन, ल्याब, रेडियोलोजी सहितको सेवा संचालन**

**माननीय सदस्यज्यूहरु,** माथि उल्लेखित विषयहरुलाई सम्बोधन गर्नका लागि गाँउपालिकाबाट घोषित लक्ष्य र उद्धेश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई ईमान्दारितापूर्वक पूरा गर्न यस पालिकालाई **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन समृद्ध पाँचपोखरीको मूलधन"** भन्ने सङ्कल्प सहित विकासको समग्र योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग, सल्लाह तथा सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता व्यक्त गर्दै पुनःसबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

पाँचपोखरी थाङपाल गाँउपालिकाको विकास, सेवा, सुशासनका लागि हामीलाई आदरणीय पालिकाबासीहरुले सुम्पनु भएको अभिभारालाई अझ प्रभावकारी रुपमा निर्वाह गर्ने कुरामा हामी प्रतिबद्ध छौं । यही प्रतिबद्धतालाई नीति तथा कार्यक्रम मार्फत कार्य परिणाममा रुपान्तरण गर्ने प्रयास गरिएको छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को व्यवस्था अनुरुप यस सम्मानित गाँउ सभाको १९ औं अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को लागि पाँचपोखरी थाङपाल गाँउपालिकाकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु प्रस्तुत गरेको छु ।**

**माननीय सदस्यज्यूहरु,**

अब म आगामी आ.व. २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## <u>हाम्रो संकल्प :</u>

**१. हाम्रो गाउँपालिकालाई पारदर्शी, जवाफदेही सहितको सुशासनयुक्त नमुना बनाईनेछ ।**

**२. हाम्रा जनप्रतिनिधीहरु शासक होइनन, जनताको सेवक हुनेछन ।**

**३. हाम्रो जनप्रतिनिधीहरुले भ्रष्टचारी, व्यक्तीवादी, अनियमितता र सार्वजनिक सम्पतीको दोहन गर्नेहरुलाई कानुनी कारवाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन् ।**

**४. हाम्रो गाउँपालिकामा म मेरो पालिका म आफै चिनाउछु भन्ने मान्यता स्थापित गराईनेछ ।**

**५. यस गाँउपालिकालाई तपोभूमी, अध्यात्मभूमी तथा धार्मिक तथा सांस्कृतिक पर्यटन हबको रुपमा विकास गरिनेछ ।**

**६. "म म्याद गुज्रेको सामान खरिद गर्दिन, म म्याद नाघेको सामान बिक्रि गर्दिन" भन्ने नाराका साथ अखाद्य वस्तु तथा सामानहरु नभएको गाँउपालिकाको रुपमा विकसित गरिनेछ ।**

**७. पालिकालाई नागरिकहरुको पूर्ण डिजिटल घर नं. भएको पालिकाको रुपमा विकसित गरिनेछ ।**

## शिक्षा तथा खेलकुद सम्बन्धी नीति :

- उत्कृष्ट सामुदायिक विद्यालयको शैक्षिक भ्रमणको कार्यक्रम संचालन गरिनेछ ।
- भोटेनाम्लाङ मा.वि.मा विद्यार्थीहरुको चापलाई मध्यनजर गर्दै यसै आर्थिक वर्षबाट एक जना स्वयम्सेवक शिक्षक व्यवस्थापन गरिनेछ ।
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाईलाइ प्रभावकारी बनाईनेछ ।
- विद्यालयमा डिजिटलाइजेशन, ICT मर्मत तथा प्रविधि व्यवस्थापनलाई प्राथमिकता दिईनेछ ।
- इमिस सम्बन्धी क्षमता विकास गरी तथ्याङ्कमा सुधार तथ्यमा आधारित योजना निर्माण गरिनेछ ।
- कक्षा ६ देखि ८ संचालित भएका ४ वटा जनहित आ.वि.,गोल्मेश्वरी आ.वि.,गणेश आ.वि. र नौलिङ्गेश्वरी आ.वि.आधारभूत विद्यालयका विद्याथीहरुलाई थप दिवा खाजाको व्यवस्था गरिनेछ ।
- आर्थिक रुपमा विपन्न दलित अपाङ्गता भएका, आमाबुबा विहिन बालबालिका तथा जोखिममा रहेका बालबालिकालाई छात्रवृत्तिमा प्राथमिकता दिईनेछ ।
- पाँचपोखरी सिकाइ मेला संचालन गरी उत्कृष्ट अभ्यास आदान प्रदान गरिनेछ ।
- स्थानीय पाठ्यपुस्तक मेरो पाँचपोखरी कक्षा १-८ लाई निरन्तरता दिईनेछ ।
- आधारभूत तहको शिक्षण सिकाई क्रियाकलापलाई थप गुणस्तरीय बनाउन साथी शिक्षकलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक शिक्षाको शैक्षिक गुणस्तर वृद्धि गर्न टिच फर नेपाललाई निरन्तरता दिईनेछ ।
- विद्यालयमा क्रमशः बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्दै लगिनेछ ।
- विद्यालय मर्मत संभार कोषलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको एक मात्र कृषि प्राविधिक विद्यालयको रुपमा रहेको श्री क्षेत्रपालेश्वरी माध्यमिक विद्यालयमा प्रत्येक वडावाट प्राविधिक विषय अध्ययनरत एक जना छात्र एक जना छात्रलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- छात्रवास संचालन गरिरहेका विद्यालयहरुको छात्रवास थप व्यवस्थित गरिनेछ ।
- आधारभूत कक्षा ८ माध्यमिक कक्षा १० र कक्षा १२ मा सर्वोत्कृष्ट अंक ल्याउने छात्र छात्रालाई सम्मान गरिनेछ ।
- गाउँपालिकाको एक मात्र सवारी साधन संचालनमा रहेको श्री थाङ्पालभ्याली माध्यमिक विद्यालयका सवारी चालकलाई मासिक रु २५,०००।- का दरले १३ महिनाको पारिश्रमिक उपलव्ध गराईनेछ ।
- विद्यालय शिक्षक अनुदान, स्वयम्सेवक शिक्षक अनुदान तथा मातृभाषा शिक्षक अनुदानलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई खेलकुद प्रशिक्षकको आर्थिक सहयोग व्यवस्था गरिनेछ ।
- पालिका भित्रको विभिन्न खेल जगतमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा पदक विजेता खेलाडीहरुको मनोवल वृद्धि गर्न सम्मान तथा पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- टि-२० क्रिकेट, फुटबल, भलिबल, जस्ता खेलकुदलाई निरन्तर रुपमा संचालन गरिनेछ ।

- पाँचपोखरी नमुना युवा सांसद कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति :

- **यस आर्थिक वर्षको श्रावण महिनादेखि लागू हुने गरी वडा कार्यालय वा स्वास्थ्य चौकीको सिफारिसमा आम विरामी नागरिकहरुलाई निःशुल्क रुपमा एकतर्फि एम्बुलेन्स सेवा उपलब्ध गरिनेछ ।**
- **गाउँपालिकाको तर्फबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि दिईदै आएको यातायात खर्च रु.१५००।- लाई रु.५००।- वृद्धि गरी रु.२,०००।- प्रति महिना प्रदान गरिनेछ ।**
- **बर्थिङ सेन्टरमा खटिएका नर्सिङ कर्मचारी (SBA तालिम प्राप्त नर्सिङ स्टाफ) हरुको लागि दिँदै आएको सुविधामा वृद्धि गरिनेछ ।**
- **जेष्ठनागरिक तथा दमका रोगीहरुलाई निशुल्क औषधी सहायता कार्यक्रमका संचालन गरिनेछ ।**
- सुत्केरी आमासँग उपाध्यक्ष, वडा जनप्रतिनिधि भेटघाट कार्यक्रम लाई निरन्तरता दिईनेछ । साथै सुत्केरी भेटको समयमा नै स्वास्थ्यकर्मीद्धारा आमा र नवजात शिशुको जाँच र सम्बन्धित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत रु २,०००।- बराबरको १ माना घिउ र १ क्रेट अण्डा सहितको पोषिलो खानेकुरा उपलब्ध गराईनेछ ।
- बर्थिङ सेन्टरमा गुणस्तरिय प्रसूति सेवालाई २४ सै घण्टा उपलब्ध हुने सुनिश्चित गरि घरमा हुने प्रसूति लाई शुन्य गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकामा संचालित पाँचपोखरी प्राथमिक अस्पतालबाट आधारभुत स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्दै टेलिमेडिसिन सेवा सुचारु गरि प्रसूति सेवा संचालनको लागि आवश्यक औजार उपकरण सहित उपयुक्त जनशक्तिको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय आधारभुत स्वास्थ्य सेवा उपलब्धता सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य संस्था भन्दा टाढाको बस्ती समुदायमा नियमित खोप सेवा र गाउँघर क्लिनिक संचालनको सुनिश्चित गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मार्फत प्रत्येक महिना संचालन हुने स्वास्थ्य आमा समुहको बैठकमा स्वास्थ्यकर्मीको समेत अनिवार्य उपस्थितिलाई निरन्तरता दिदै स्वास्थ्य सचेतनाको लागि अझ प्रभावकारी रुपमा समुदाय परिचालन गरिनेछ ।
- यस आ.व.२०८३/०८४ मा सुरु गरिएको गाउँपालिकामा बसोबास गर्ने ३० बर्ष माथिका महिलाहरुको HPV DNA विधिबाट परिक्षणलाई ९०% भन्दा बढी लक्षित समुहलाई सेवा उपलब्ध गराईनेछ ।
- गाउँपालिका र सहयोगी संस्थाहरुको सहयोग तथा सहकार्यमा आवश्यकताको आधारमा स्वास्थ्य सम्बन्धि शिविरहरु संचालन गरिनेछ ।
- हाल उच्च दरमा वृद्धि भईरहेको नसर्ने रोगको समस्याको न्युनिकरणको लागि सहयोगी संस्थाहरुको समेत सहयोगमा सचेतनाका क्रियाकलापहरु संचालन गरी रोकथाम तथा उपचारको व्यवस्था मिलाईनेछ ।

- HRDC सँग संस्थागत साझेदारीको कार्यक्रलाई निरन्तरता दिई आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्याको न्यूनिकरणको लागि अभिमुखिकरण तथा मानसिक स्वास्थ्य सचेतनाको कार्यक्रम संचालन एवम् औषधि सेवन गरिरहेकाहरुको विवरण संकलन गरी निःशुल्क प्राप्त हुने औषधिहरु र उपलब्धताको बारेमा जानकारी प्रदान गरिनेछ ।
- प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिई बजेटको व्यवस्था गरिनेछ साथै प्रकोप एवम् महामारीको समयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि जोखिम भत्ता तथा बिमाको व्यवस्था गरी रोग तथा महामारी नियन्त्रण गरिनेछ ।
- स्थानिय श्रोतको उपयोग स्वामित्व र सहभागिता, पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धतालाई आत्मसाथ गर्दै गाउँपालिकालाई पूर्णखोप सुनिश्चिता एवम् दीगोपना कायम राख्नको लागि संचालन गर्नुपर्ने कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ ।
- पूर्ण पोषणयुक्त वडा र पालिका घोषणा पूर्वाधारको लागि पोषण सम्बन्धि विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई मुटु रोग, मृगौला रोग, क्यान्सर रोग तथा मस्तिष्क पक्षघात जस्ता कडा रोग लागेको अवस्थामा उपचार सहायताको लागि रोगको प्रकृति हेरी कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग प्रदान गरिनेछ ।
- संघीय सरकारले मृगौला प्रत्यारोपण गरेका, डाईलेसिस गराईरहेका, क्यान्सर रोग लागेका र मेरुदण्ड पक्षघातका बिरामिहरुको सम्बन्धित अस्पतालको सिफारिसको आधारमा उपलब्ध गराउने मासिक ५,०००।- समयमा निकासा प्राप्त हुन नआएमा पछि शोधभर्ना हुने गरी गाँउपालिकाबाट निकासाको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी गराउनको लागि निःशुल्क र आंशिक छुटमा बिमा हुनेको लागि अनिवार्य र अन्यको पनि बढी भन्दा बढी बिमा गराउनको लागि गाउँपालिका मार्फत सहजिकरण गरिनेछ ।
- स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई सहयोगी संघ संस्थाहरुको समेत सहयोगमा समुचित उचित बिसर्जनको व्यवस्थापन मिलाईनेछ ।
- गाउँपालिका अन्तर्गतको मुख्य-मुख्य खानेपानिका मुहान तथा पानी वितरण प्रणालिमा रहेको पानीको गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य र पोषण सम्बन्धि पालिकास्तरीय पार्श्वचित्र (Health Profile) तयार गरी गाउँपालिका र सहयोगी संस्थाहरुबाट आवश्यकताको आधारमा कार्यक्रम संचालनमा एकरुपता ल्याईनेछ ।
- गाउँपालिका अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रलाई स्वास्थ्य शाखा मातहतमा रही सेवा संचालन गर्ने गरी तोकिएको मापदण्डमा रिपोर्टिङ गर्न लगाईनेछ ।
- गाउँपालिका अन्तर्गत मानेखर्कमा संचालनमा रहेको धुलिखेल अस्पतालको स्वास्थ्य केन्द्रलाई नियमित स्वास्थ्य समिक्षा बैठकमा सहभागी गराईनेछ ।
- स्वास्थ्य चौकी, प्राथमिक अस्पताल र सामुदायिक स्वास्थ्य इकाईमा अन्य सार्वजनिक बिदाको दिनमा कामकाज गर्दाको प्रोत्साहन र आईतबारको बिदामा अफिस समयमा सेवाग्रहीलाई स्वस्थ्य

सेवा उपलब्ध गराएको प्रमाणको आभारमा २ जना सम्मलाई खाजा खर्च एवम् सट्टा बिदा उपलब्ध गराईनेछ ।

## संस्कृति तथा पर्यटन सम्बन्धी नीति :

- पाँचपोखरी भित्रका रहेका प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरुको फोटो सहितको ग्यालरी निर्माण, अध्यात्मभूमी पाँचपोखरी पुस्तक निर्माण गरिनेछ ।
- पालिकापिभत्रका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुमा आवश्यकीय रुपमा डस्टबिनहरुको व्यवस्था गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकहरुलाई पर्यटन सम्बन्धी जानकारी प्रदान गर्न, पाँचपोखरी भित्रका विभिन्न रुट र लोकेशनको विस्तृत जानकारी दिन साईनेज बोर्ड तथा पर्यटनसँग सम्बन्धित विभिन्न प्रचार-प्रसारका सामाग्रीहरु निर्माण लगायतका सामाग्रीहरु प्रकाशन गरिनेछ ।
- पालिकाको प्रमुख दुई स्थान पाँचपोखरी र आमा याङ्ग्रीको पदमार्गमा आफ्नो मौलिक कला संस्कृति झल्किने गरी आर्ट गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन प्रवद्धनको लागि होटेल, रेष्टुरेन्ट, होमस्टे खोल्न प्रोत्साहन गर्ने, पदयात्रा मार्ग, पर्यटक गाईड, पर्यटन सूचना केन्द्रको विकासका लागि सम्बन्धीत संस्था र नीजि क्षेत्रसँग सहकार्य गरिने छ ।
- प्याराग्लाडिङ, बन्जिजम्प, जिपलाईन, साइकिलिङ र रक क्लाईमिङ लगायत पुर्वाधार तथा सेवा सुविधाको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने तथा लगानीको लागि निजि क्षेत्रलाई सार्वजनिक रुपमा आह्वान गरिनेछ ।
- अन्तरपालिका पर्यटन प्रवद्धनलाई थप व्यवस्थित गरिनेछ ।
- यस पाँचपोखरी थाङपाल गाँउपालिकालाई अध्यामिक भूमीको रुपमा विकास गर्न धार्मिक तथा आध्यात्मिक पर्यटन स्थलको रुपमा विकास गरिनेछ ।
- स्थापित पर्यटकीय सम्पदाका साथै गाउँपालिका क्षेत्र भित्र विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचार प्रसार गरिनेछ ।
- पालिकाभित्र रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरु जस्तै मठ मन्दिर, गुम्बा, चैत्य, लहरे माने, हबेली, पाटी पौवा, भञ्ज्याङ लगायत हिमालको सम्पूर्ण विवरण संस्कृति तथा पर्यटन शाखामा व्यवस्थित रुपमा अभिलेख राखिनेछ ।
- पर्यटनको लागि गाउँपालिकाको प्रवेशद्धारमा निर्माण भएको सूचना केन्द्रलाई प्रविधिमैत्री र आधुनिक बनाईदै लगिनेछ ।
- गाँउपालिका भित्र स्थापना भएको स्थानीयता झल्कने गरी सांस्कृतिक सङ्ग्रहालय, पुस्तकालयको थप प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

## कानून तथा मानव अधिकार सम्बन्धी नीति :

- अन्य स्थानीय सरकारहरुको न्यायिक समितिले गरेका असल अभ्यास, न्याय सम्पादन तथा अनुभव आदन-प्रदानको लागि न्यायिक समिति र मेलमिलापकर्ताहरुको संयुक्त अध्ययन अवलोकन कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक विकृति विसङ्गी, बाल विवाह, बढ्दो साईबर अपराध र महिला हिंसा तथा वैदेशिक रोजगार ठगी सम्बन्धी जनचेतना अभिवृद्धिको लागि वडा-वडा तथा विद्यालय स्तरमा कानूनी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- विवाद मिलापत्र गराए बापत मेलमिलापकर्ताहरुलाई यातायात खर्च उपलब्ध गराईनेछ ।
- न्यायिक समिति र पालिका स्तरीय मेलमिलाप केन्द्रको संयुक्त बैठकमा सहभागी बापत वडा-वडाबाट आउने मेलमिलापकर्ताहरुलाई बैठक भत्ता उपलब्ध गराईनेछ ।
- न्यायिक समिति व्यवस्थापन सम्बन्धी निर्माण भएको सफ्टवेयरलाई नविकरण गरी निरन्तरता दिई न्याय सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाईनेछ ।
- सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, आवश्यकता अनुसार प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ । साथै वडागत सामुदायिक मेलमिलाप केन्द्रको कार्यालय व्यवस्थापन तथा संचालनको लागि आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिकाद्धारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
- संविधान, कानून, गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।
- न्यायिक समिति र सामुदायिक वडास्तरीय मेलमिलाप केन्द्रको कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## कृषि विकास सम्बन्धी नीति :

- **स्थानीय रुपमा नागरिकहरुले उत्पादन गरेका मौलिक पहिचान सहितको अर्गानिक उत्पादनलाई बहुपहिचान सहितको खाल्डेखोला कोसेली घर मार्फत बिक्रि वितरणलाई थप व्यवस्थित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत चिनाईनेछ। साथै किसानले उत्पादन गरेका अर्गानिक कृषि उपजहरुलाई चिस्यान केन्द्र सहितको भण्डारणको व्यवस्था गरिनेछ ।**
- **पालिकामा मकैबाट तेल निकाल्ने मेशिनको व्यवस्थापन गरिनेछ ।**
- गाउँपालिकाभित्र रहेका बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनलाई उत्पादन प्रणालीमा ल्याउने उद्धेश्यले बाँझो जमिन उपयोग अभियान संचालन गरिनेछ। स्थानीय कृषक, कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूलाई बाँझो जमिनमा खेती विस्तार गर्न प्रोत्साहन गरिनेछ। स्याउ, सुन्तला, किवी, ओखर, टिमुर, अलैंची, आलु, तरकारी तथा अन्य उच्च मूल्यका बाली लगाउने कृषकलाई प्रोत्साहन अनुदान, प्राविधिक सेवा तथा गुणस्तरीय बिरुवा उपलब्ध गराईनेछ ।

- प्रत्येक वडाको भौगोलिक अवस्था, हावापानी तथा उत्पादन सम्भावनाको अध्ययन गरीबसम्भाव्यताका आधारमा उत्पादन केन्द्रित (अलैंची पकेट, फलफुल पकेट, तरकारी उत्पदान पकेट) तथा ब्लक क्षेत्र विकास गरिनुका साथै उत्पादनदेखि प्रशोधन र बजारीकरणसम्मको मूल्य श्रङ्खला विकास गरिनेछ । प्रत्येक वडालाई आफ्नो विशिष्ट कृषि उत्पादनबाट परिचित गराई आयआर्जन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- चिया उत्पादनको उच्च सम्भावना भएका क्षेत्रहरूमा व्यवसायिक चिया खेती विस्तार गरिनेछ । चिया क्षेत्रलाई कृषि पर्यटनसँग जोड्दै अवलोकन स्थल, पिकनिक स्पोट तथा स्थानीय उत्पादन प्रदर्शन केन्द्र निर्माण गरिनेछ । कृषि पर्यटनमार्फत स्थानीय युवालाई स्वरोजगार तथा अतिरिक्त आम्दानीका अवसर सिर्जना गरिनेछ ।
- पाँचपोखरी थाङपाल गाउँपालिकाभित्र उत्पादित कृषि तथा कृषिजन्य वस्तुहरूको बजारीकरणमा सहजीकरण गर्न पाँचपोखरी कोसेली घर मार्फत स्थानीय कृषक, कृषक समूह, सहकारी तथा कृषि उद्यमीबाट उत्पादित वस्तुहरूको खरिद, संकलन, भण्डारण, ढुवानी, प्रदर्शनी तथा बिक्री वितरण कार्यलाई व्यवस्थित गरिनेछ । स्थानीय उत्पादनको उचित मूल्य सुनिश्चित गर्न, उत्पादनलाई बजारसँग जोड्न तथा गाउँपालिकाको मौलिक कृषि उत्पादनको प्रवर्द्धन गर्न आवश्यक व्यवस्थापन, प्याकेजिङ, ब्राण्डिङ तथा बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकले उत्पादन गरेको कृषि उपजलाई बजारसम्म सहज रूपमा पुऱ्याउन कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन गरिनेछ । उत्पादन संकलन केन्द्र, कृषि हाटबजार, चिस्यान केन्द्र तथा भण्डारण केन्द्र स्थापना गरिनेछ । सहकारी तथा निजी क्षेत्रसँग साझेदारी गरी उत्पादनको बजारीकरण सुनिश्चित गरिनेछ ।

## पशु विकास सम्बन्धी नीति :

- **दुग्ध उत्पादन तथा बजारीकरणलाई व्यवस्थित र प्रोत्साहित गर्न डेरी व्यवस्थापन सुधार गरिनेछ तथा नियमित रूपमा दूध बिक्री गर्ने कृषकलाई प्रति लिटर रु.३।- रुपियाँका दरले अनुदान दिदै आएकोमा यो वर्ष देखि थप रु.२।- रुपियाँ वृद्धि गरी रु.५।- रुपियाँका दरले प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ ।**
- **पराम्परागतबाट व्यवसायिक रुपमा पशुपालन गर्ने कृषक वा फर्मलाई विना ब्याजमा ऋण उपलब्ध गरि चक्रिय पुँजी परिचालनको व्यवस्था मिलाईनेछ ।**
- प्रत्येक वडामा पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरी सेवा र परामर्श सेवालाई निरन्तरता दिईनेछ ।
- पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरूको रोकथाम, निदान तथा उपचार सेवामा सहज पहुँच सुनिश्चित गर्न आवश्यक औषधि, सर्जिकल उपकरण तथा प्रयोगशाला सामग्रीको व्यवस्थापन गरि मापदण्ड बनाई निशुल्क वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- महामारीजन्य तथा संक्रामक पशुरोग नियन्त्रणका लागि नियमित खोप कार्यक्रम संचालन गरी पशुधनको स्वास्थ्य सुरक्षा तथा उत्पादनशीलता अभिवृद्धि गरिनेछ ।

- छाडा तथा सामुदायिक कुकुरहरूको व्यवस्थापन तथा पशु कल्याण प्रवर्द्धनका लागि वैज्ञानिक र स्थायी बन्ध्याकरण कार्यक्रम संचालन गरिनेछ ।
- पशुपालन व्यवसायमा हुने सम्भावित जोखिम न्यूनीकरणका लागि पशु बिमा कार्यक्रममा कृषकको सहभागिता वृद्धि गर्दै पशु बिमामा कृषकले व्यहोर्ने प्रिमियममा ५०% अनुदान उपलब्ध गराईनेछ।
- पशुधनको उत्पादकत्व वृद्धि तथा उन्नत नश्ल विकासका लागि कृत्रिम गर्भाधान सेवा विस्तार गरी नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।
- **निरन्तर रुपमा संचालनमा रहेका उत्कृष्ट पशु फर्म संचालक कृषकलाई अनुगमन गरी निश्चित मापदण्ड तयार गरी किसान प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।**

## सूचना प्रविधि तथा संचार सम्बन्धी नीति :

- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित, सुरक्षित राख्ने र एकिकृत तथ्याङ्क संकलनमा जोड दिने तथा तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिईनेछ ।
- ईन्टरनेट सेवा विश्वसनीय बनाउन जोड दिने र ईन्टरनेट सेवा विस्तार गर्ने नीति लिईनेछ भने धार्मिक तथा पर्यटकिय क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था गरिनेछ ।
- पालिकाका सबै वडाहरुलाई ईन्टरनेटको माध्यमबाट जोडि आफ्नै सर्भरमा तथ्याङ्क व्यवस्थापन गरिनेछ ।
- डिजिटल पालिका तथा स्मार्ट पालिकाको अवधारणा तथा खाका तयार गरि स्थानीय सरकारी सेवालाई नागरिकको पहुँच योग्य बनाउने पहल कदमी नीति निर्माण गरिनेछ ।
- पालिकाका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रशारण गर्ने,वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।
- सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक संजाल लगायत विविध प्रविधिसँग जोडिनेछ र अझै व्यवस्थित बनाउँदै लगिनेछ ।
- पालिकाको सम्पूर्ण घरधुरीहरुलाई पूर्ण डिजिटेलिशन भएको पालिकाको रुपमा विकास गरिनेछ ।

## रोजगार, सीप तथा उद्यमशिलता प्रर्वद्धन सम्बन्धी नीति :

- स्थानीय तहमा सरकारी तथा गैर सरकारी निकायबबाट संचालन हुने रोजगार, सीप तथा उद्यमशिलता सम्बन्धी कार्यक्रमहरुलाई एकिकृत गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्न सूचीकृत वेरोजगार व्यक्तिहरुको उद्यमशिलता विकास र सीप विकासमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रोजगारीको खोजी गर्ने व्यक्ति, रोजगारदाता, तालिम प्रदायक संस्था तथा सेवा प्रदायक संस्थाहरुलाई श्रम संसार प्रणालीमा आवद्ध गरि आन्तरिक रोजगारी सिर्जनामा जोड दिईनेछ ।
- श्रम विभाग, वैदेशिक रोजगार वोर्ड र कन्सुलर सेवा विभागबाट उपलब्ध हुने सेवाहरुका लागि गाउँपालिकाबाट नै सहजिकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको तथ्यांक संकलन गरी उनीहरुसँग रहेको सीप तथा पूँजीलाई परिचालन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप विकासमा जोड दिईनेछ ।
- स्थानीय श्रोत साधनमा र सीपमा आधारित रही व्यवसाय गर्न चाहने व्यक्तिहरुलाई बैंक तथा वित्तिय संस्थाबाट उपलब्ध हुने सहुलियत कर्जामा पहुँच विस्तारका लागि आवश्यक समन्वय गरिनेछ ।
- लघु उद्यमको विकास र प्रवर्धनको माध्यम बाट गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्धेश्यले नेपाल सरकारले स्विकृत गरेको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय सरकारले प्रवाभकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा संचालन गरिनेछ ।
- लोप उन्मुख पेशा राडीपाखी, गलैंचा, खोस्टाको चकटी,सालको पातको दुना, टपरी र स्यामा जस्ता उत्पादनहरुको उत्पादनमा जोड दिईनेछ ।
- हस्तकला सम्बन्धी पेशाहरुलाई थप प्रभावकारी बनाईनेछ ।
- स्थानीय कला सिप र अनुभवको संरक्षण र उपयोग गर्दै घरेलु उद्यमशीलता विकासको लागि बहुपक्षीय समन्वय र सहकार्य लाई जोड दिईनेछ ।

## सहकारी सम्बन्धी नीति :

- गाउँपालिकाको सहकारी ऐन तथा नियमावलीलाई संघीय सहकारी ऐन तथा नियमावलीमा भएको संशोधन अनुसार अद्यावधिक गरी सहकारी संस्थाहरुलाई उद्धेश्य अनुसार कारोबार संचालन गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरु बाहेक अन्य सहकारी संस्थाहरुलाई आवधिक वचत, मुद्दती बचत, बाल बचत तथा जेष्ठ नागरिक बचत जस्ता विभिन्न शिर्षकमा बचत संकलन गर्न नपाउने व्यवस्था मिलाईनेछ । यस अघि सहकारीले यस किसिमको बचत संकलन गरेको भएमा उक्त वचत २ वर्ष भित्रमा सदस्यहरुलाई फिर्ता गरिसक्नु पर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र निस्क्रिय रहेका सहकारीहरुको खारेजी तथा एकिकरण गरी सहकारी संस्थाको व्यवस्थापन गरिनेछ ।

- सहकारी संस्था संचालनका लागि न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- संचालनमा रहेका सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा कोपोमीस मार्फत नियामक निकायमा प्रतिवेदन पेश गर्ने व्यवस्था लागु गरिनेछ ।
- नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.सँगको साझेदारीमा विगतका वर्षहरुमा संचालन हुँदै आएको आधारशिला कार्यक्रमलाई निरन्तरता दिंदै सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिईनेछ ।
- सहकारी संस्थाबाट ऋण लिई लामो समय सम्म नतिर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई सहकारी संस्थाको सिफारिसका आधारमा गाउँपालिकाबाट उपलब्ध हुने सेवा तथा सुविधा रोक्का गर्ने व्यवस्था मिलाईनेछ ।

## पूर्वाधार विकास (खानेपानी, सिँचाई, भवन, सडक) सम्बन्धी नीति :

- **गाउँपालिका मार्फत सञ्चालन हुने योजनाहरु मध्ये २० लाख भन्दा माथिको लागत अनुमान भएका योजनाहरु ठेक्का प्रक्रिया मार्फत** कार्यान्वयन **गर्ने र २० लाख देखी मुनिका योजनाहरु** उपभोक्ता समिति मार्फत कार्यान्वयन **गरिने छ ।**
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा गाउँपालिकाले ***आ.व.२०८३/०८४ का लागि १0% श्रमदान गर्ने नीति लाई निरन्तरता दिईनेछ ।***
- गाउँपालिका भित्र टोल टोलमा सामुदायिक भवन निर्माण कार्यलाई निरुत्साहित गर्दै निर्माण सम्पन्न भएका सामुदायिक भवनको उपभोगको अवस्थाका आधारमा सामुदायिक संस्था उपयोग गर्ने घरधुरीका आधारमा मापदण्ड निर्माण गरेर मात्र सामुदायिक भवन निर्माण गर्ने नीति अवलम्वन गरिनेछ तर अनिवार्य रुपमा भवन निर्माण गर्ने जग्गाको लालपुर्जा सामुदायिक भवनको नाममा हुनुपर्नेछ ।
- वडा स्तरमा सञ्चालन भएका योजनाहरुको अनुगमनका लागि वडा सदस्यहरुलाई जिम्मेवार गराईनेछ ।
- वडा नं.७, भोटेनाम्लाङ अवस्थित रहेको एउटै ठूलो ढुङ्गामा ८४ फिट बुद्धको मूर्ति निर्माण कार्यलाई २०८३ साल मंसिर महिनाभित्र सम्पन्न गरी उद्घाटन गरिनेछ ।
- सडक गुरुयोजनालाई कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकहरु र वडा कार्यालय जाने सडकहरुलाई १२ महिना सहज रुपमा चल्ने बनाईनेछ ।
- गाँउपालिकाको पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी बनाउन प्राविधिक कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि तालिम तथा ज्ञान, सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिकामा आवश्यक विषयगत प्राविधिक जनशक्तिको व्यवस्थापन, दक्षता विकास तथा दीर्घकालिन रुपमा टिकाई राख्न आकर्षक कार्य वातावरण र कानून सम्मत प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

- एक घर एक धारा हुने गरी खानेपानीको व्यवस्थापनको नीति अवलम्बन गरी संस्थागत साझेदारीमा ***पालिकालाई एक घर एक धारा एक मिटरयुक्त गाँउपालिका***को रुपमा घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## वन, वातावरण, विपद् व्यवस्थापन, फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति :

- संस्थागत साझेदारीमा खुला क्षेत्र तथा पहिरोको जोखिम भएका स्थानहरूको पहिचान गरी वृक्षारोपण तथा प्रकृतिमा आधारित पहिरो रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक जग्गा तथा भवनहरूको अभिलेख संकलन गरी व्यवस्थित राखिनेछ तथा बाँझो जग्गाको उपयोगका लागि आवश्यक कार्यविधि बनाई संस्थागत साझेदारी र निजी क्षेत्रसँगको सहकार्यमा उपयोग गरिनेछ ।
- भोताङ, गुन्सा, थाङपालकोट र थाङपालधापमा रहेका MRF सञ्चालनका लागि बजेट व्यवस्था गरी निरन्तरता दिईनेछ ।
- गाउँपालिकालाई सफा, स्वच्छ, सुन्दर तथा हरियाली गाउँपालिकाको रूपमा विकास गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको जन्मदिनको उपलक्ष्यमा कम्तिमा एक बिरुवा वृक्षारोपण गर्ने तथा वातावरण दिवसको अवसरमा प्रत्येक वडामा सरसफाई अभियान कार्यक्रम संचालन गरिनेछ ।
- विपद् व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन न्यूनीकरणमुखी नीति अवलम्बन गरिनेछ ।
- विपद् व्यवस्थापन समितिलाई सुदृढ बनाई विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकामा Municipal Emergency Operation Center (MEOC) स्थापना गरी प्रभावकारी रूपमा संचालन गरिनेछ ।
- बाढीपीडित लाभग्राहीका लागि अनुदान साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- बाढी तथा पहिरोको उच्च जोखिममा रहेका समुदायहरूको भौगोलिक अध्ययनका लागि प्रदेश, संघीय सरकार तथा अन्य निकायसँग समन्वय गरिनेछ ।
- वडास्तरमा रहेका सामुदायिक भवनहरूलाई विपद्को समयमा अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने व्यवस्था मिलाईनेछ ।
- Hazard Mapping लाई थप व्यवस्थित र अद्यावधिक गरिनेछ ।
- पूर्वतयारी, पूर्वसूचना प्रणाली, नमूना अभ्यास, प्रतिकार्य समिति गठन, क्षमता विकास, तालिम तथा राहत सामग्री भण्डारणको व्यवस्था गरिनेछ ।
- अति संवेदनशील क्षेत्रमा रहेका बस्तीहरूको स्थानान्तरण प्रक्रिया अगाडि बढाईनेछ ।
- संस्थागत साझेदारीमा जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी स्वचालित जल तथा वर्षा मापन प्रणाली र स्थानीय पूर्वसूचना प्रणाली स्थापनालाई थप व्यवस्थित गरिनेछ ।
- विपद्को समयमा खोज तथा उद्धार सामग्री, सुरक्षित खुला स्थान तथा अत्यावश्यक वस्तुहरूको भण्डारण सुनिश्चित गरिनेछ ।

- भौगर्भिक अध्ययनले जोखिमयुक्त ठहर गरेका क्षेत्रमा स्थायी संरचना, सडक तथा अन्य विकास निर्माण कार्यलाई निरुत्साहित गरिनेछ ।
- सामुदायिक वन तथा कबुलियती वन समूहहरूको अभिलेखीकरण तथा व्यवस्थापन व्यवस्थित गरिनेछ । साथै नविकरण भएको सामुदायिक वनक्षेत्रमा झाडी सरसफाई कार्य गरी न्यूनतम ६ वटा सामुदायिक वन समितिलाई फलफुलको बिरुवाहरु उपलब्ध गराईनेछ ।

## राजश्व संकलन र परिचालन सम्बन्धी नीति :

- स्थानीय तहको आन्तरिक आय वृद्धि गर्ने निति अवलम्बन गरिनेछ ।
- कर तथा गैरकर राजश्वको दायरा विस्तार गरिनेछ ।
- कर प्रशासनलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाईनेछ ।
- कर चुहावट नियन्त्रण तथा राजश्व संकलन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- स्थानीय स्रोत, साधन तथा सम्पत्तीको उचित उपयोगबाट आय अभिवृद्धी गरिनेछ ।
- राजश्व व्यवस्थापनमा सुशासन, उत्तरदायित्व र पारदर्शिता कायम गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण भईसकेका तर हालसम्म अभिलेखीकरण नभएका घर, भवन तथा संरचनाहरूलाई अभिलेखीकरणको दायरामा ल्याउन प्रोत्साहन स्वरूप एकपटकका लागि विशेष व्यवस्था गरिनेछ। त्यस्ता संरचनाहरूको अभिलेखीकरण गर्दा हाल प्रचलित राजश्वमा आवश्यक छुट प्रदान गरी निर्मित क्षेत्रफलको आधारमा प्रति वर्गफिट रु.२।- का दरले अभिलेखीकरण शुल्क लिईने व्यवस्था गरिनेछ ।
- सम्पत्ति कर प्रणालीलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन गाउँपालिकाका प्रत्येक वडा कार्यालयमा प्रत्येक करदाताको व्यक्तिगत करदाता फाइल (Taxpayer Profile) तयार गरी अद्यावधिक राखिनेछ । सम्पत्ति विवरणको डिजिटल अभिलेखीकरण गर्दै सम्पत्ति करको दायरा विस्तार र प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- करदाता मैत्री सेवा प्रवाहलाई प्रोत्साहन गर्न गाउँपालिकाले QR Code, मोबाइल बैंकिङ, डिजिटल वालेट तथा अन्य विद्युतीय माध्यमबाट राजश्व भुक्तानी गर्ने व्यवस्था लागू गरिनेछ । यसबाट राजस्व संकलनलाई थप पारदर्शी, सहज र प्रविधिमैत्री बनाईनेछ ।
- गाउँपालिका क्षेत्रबाट व्यावसायिक रूपमा बाहिर निकासी (निर्यात) हुने कृषि, वन, खानीजन्य तथा अन्य वस्तुहरूमा प्रचलित कानून तथा गाउँसभाबाट स्वीकृत दररेट अनुसार निर्यात कर तथा सेवा शुल्क असुली गर्ने व्यवस्था मिलाईनेछ ।
- निर्धारित अवधिभित्र कर तथा राजश्व बुझाउने करदातालाई गाउँसभाले तोकेबमोजिम छुट, सम्मान वा प्रोत्साहन सुविधा प्रदान गरिनेछ । साथै बक्यौता कर असुलीलाई प्रभावकारी बनाउन अद्यावधिक अभिलेख, सूचना प्रणाली तथा कानूनी प्रक्रियाको प्रयोग गरिनेछ ।
- गाउँपालिकाका सम्पूर्ण राजश्व स्रोतहरूको अभिलेखलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गरिनेछ । करदाता विवरण, सम्पत्ति अभिलेख, व्यवसाय दर्ता, बहाल कर तथा अन्य राजश्व सम्बन्धी तथ्यांकलाई डिजिटल माध्यमबाट व्यवस्थापन गरी सूचना प्रविधिमा आधारित राजश्व प्रशासन विकास गरिनेछ ।

**<u>सामाजिक विकास, महिला, बालबालिका, ज्येष्ठ, अपांङ्ग, आदिवासी जनजाती, दलित, समावेशीकरण सम्बन्धी नीति :</u>**

- महिलाको आर्थिक सामाजिक तथा राजनीतिक सशक्तिकरणमा जोड दिईनेछ ।
- लैंगिक हिंसा घरेलु हिंसा तथा मानव वेचविखन विरुद्ध प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।
- महिलाको नेतृत्व विकास तथा उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।
- स्वास्थ्य शिक्षा तथा रोजगारीमा महिलाको पहुँच बढाईनेछ ।
- बाल अधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- बालविवाह, बालश्रम तथा बालहिंसा अन्त्यका लागि कार्यक्रम संचालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन तथा बाल सहभागिता सुनिश्चित गरिनेछ ।
- शिक्षा स्वास्थ्य तथा पोषण सेवामा बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान सुरक्षा तथा हेरचाह सुनिश्चित गरिनेछ ।
- सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवामा सहज पहुँच प्रदान गरिनेछ ।
- ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक जिवनयापन र अधिकार सुनिश्चित गरिनेछ ।
- सीप विकास स्वरोजगार तथा आयआर्जन कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा सहायक सामाग्री उपलब्ध गराईनेछ ।
- जातिय विभेद तथा छुवाछुतको पुर्ण रुपमा अन्त्य गरिनेछ ।
- निर्णय प्रक्रियामा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- सामाजिक न्याय तथा आर्थिक सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजातीको भाषा, संस्कृति, परम्परा तथा पहिचानको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- परम्परागत ज्ञान सिप तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिनेछ ।
- आदिवासी जनजातीको उत्थान तथा प्रर्वद्धन सम्बन्धी कार्यहरु गरिनेछ ।
- पीडितलाई कानूनी, मनोसामाजिक तथा पुनर्स्थापना सेवा उपलब्ध गराईनेछ ।
- महिला नेतृत्व विकासका कार्यक्रम संचालन गरी स्थानीय शासनका सबै तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- महिला लक्षित कार्यक्रमहरूलाई प्राथमिकता दिँदै लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गरिनेछ ।
- बालमैत्री वडा तथा गाउँपालिका निर्माण अभियानलाई निरन्तरता दिईनेछ ।
- बाल क्लब तथा बाल सञ्जालमार्फत स्थानीय निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।
- आपत्कालिन पुर्नस्थापना केन्द्र संचालनार्थ महिला आत्म निर्भरता केन्द्रसँग संस्थागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## अर्न्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति :

- भगिनी सम्बन्ध भएका नगरहरुबिच आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा सफल अनुभव आदान-प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- स्वदेशी तथा विदेशी शहरहरुसँग भगिनी सम्बन्ध विस्तार कार्यलाई निरन्तरता दिईनेछ।

## ग्रामिण विकास तथा भवन मापदण्ड सम्बन्धी नीति :

- भवनको नक्सा पास प्रक्रियालाई सरल,सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमती प्रणाली (Electronic Building Permit System)लाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ।
- भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई एक वर्ष भित्रमा नक्सा पास गरी नियमित गर्न आह्वान गरिनेछ।
- भवन निर्माण गर्दा नेपाल सरकारको भवन आचार सहिंता बमोजिम निर्माण बमोजिम गरिने नीति लिईने छ।

## सार्वजनिक निजि साझेदारी सम्बन्धी नीति :

- सार्वजनिक निजि साझेदारी प्रारुपमा संचालनमा रहेका परियोजनाहरुको सम्झौता बमोजिम कार्य भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिन एक संयन्त्र गठन गरी परिचालन गरिनेछ।
- गाउँपालिका सार्वजनिक निजी साझेदारी ऐन, २०७६ बमोजिम सार्वजनिक निजि साझेदारी प्रारुपमा संचालन गर्न सकिने सम्भावित परियोजनाहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासनरसार्वजानिक सेवा तथा क्षमता विकास नीति :

- सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अवलम्वन गरि दुरुस्त सेवा र प्रभावकारी अभिलेख व्यपस्थापनमा ध्यान दिईनेछ।
- जनप्रतिनीधिहरू तथा कर्मचारीहरुको असल अभ्यास आदान प्रदानको लागि उत्कृष्ट अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।
- करार कर्मचारिहरलाई सामाजिक सुरक्षा कोषमा समेट्न आवश्यक व्यवस्थाका लागि यसै आर्थिक वर्षबाट वृद्धि गरेको सहितको कुल तलबको १०% रकम उपलब्ध गराईनेछ।
- वडा कार्यालयलाई नागरिकको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिने कार्यलाई मुर्तरुप दिइने छ।
- प्रविधिमैत्री पालिका निर्माण गर्ने कार्यलाइ निरन्तरता प्रदान गरिनेछ।

- “स्थानिय सरकार लोकतन्त्रको आधार” लाई यथार्थमा रुपान्तरण गर्न गाउँपालिकबाट प्रदान गरिने सेवालाइ छिटो छरितो नागरिक मैत्री बनाउन, गाउँपालिकाको प्रशासनलाइ स्वच्छ, सक्षम, निष्पक्ष, चुस्त, पारदशी र जनउत्तरदायी र सहभागितामुलक बनाउन कार्य विवरणको आधारमा कर्मचारिहरुको कार्य सम्पादन मुल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ ।
- विगतमा वितरण गरिएका सबै अनुदान कार्यक्रमहरूको अभिलेख अद्यावधिक गरी अनुगमन गरिनेछ ।
- संघ र प्रदेश सरकार र मातहतका निकायबाट गाउँपालिका क्षेत्रभित्र संचालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन गरि अभिलेख राख्ने नीति लिईनेछ ।
- गाउँपालिकाको प्रशासनिक तथा कार्यपालिका भवनलाई सुरक्षित तथा कार्य वातावरण मैत्री बनाउनका लागि प्रशासनिक भवनको छतमा ट्रस निर्माण तथा रङ्गरोगन गरिनेछ ।
- भ्रष्टचार विरुद्धको सहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ । भ्रष्टचारमुक्त प्रशासनिक संरचनाको माध्यमबाट जनसेवामुखि प्रशासनको व्यवस्था र सुशासनको प्रत्याभुतिको नीति अवलम्वन गरिनेछ ।
- जनताको सुचनाको हकलाई जिवन्त बनाई राख्न गाउँपालिका सम्बन्धि सूचना, आफुले गरेका असल अभ्यास, गाउँपालिकाले गरेको महत्वपुर्ण निर्णयहरु, दुरदराजको जनतालाइ सुसूचित गर्न हरेक बर्ष सुशासन बुलेटिन प्रकासन गरिनेछ ।आफ्ना काम कारवाहीहरुलाइ वेभसाइट, बुलेटिन, सुचना पाटी मार्फत पारर्दशी गरिनेछ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपुर्ती र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरिने कार्यलाइ थप विस्तृत बनाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी जग्गा हरुको मिहीन ढंगले खोजी गरी त्यस्ता जग्गाको संरक्षण गरिने छ । साथै सार्वजनिक जग्गामा बनेको संरचनाको हकमा सम्बन्धित पक्षलाई समन्वय गरी कानूनी दायरामा ल्याई भाडा निर्धारण गरी नियम संगत बनाईनेछ ।
- सार्वजानिक खर्चलाइ वैज्ञानिक अनुमान योग्य र नतिजामुलक तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याईनेछ ।
- गाउँपालिकाको भुक्तानी प्रणालीलाई सरलीकृत गर्दै इ.एफ.टी. (EFT) प्रणाली पुर्ण रुपमा अवलम्वन कार्य निरन्तर गरिनेछ । गाउँपालिकाबाट हुने सबै खाले भुक्तानीलाई बैक खाता मार्फत गरिने कार्यलाइ निरन्तरता दिईनेछ ।
- चुस्त अनुगमन तथा सुपरिवेक्षण, सार्वजानिक निकायमा व्यवस्थापन परिक्षण भन्ने भनाईलाई सार्थकता तुल्याउन कार्यालय तथा मातहतका निकायहरुको कामकारबाही प्रभावकारी तथा परिणाममुखि बनाउन अनुगमन तथा सुपरिवेक्षण कार्यलाइ थप जिम्मेवार र प्रभावकारी बनाईने छ ।
- वडा संचालनमा रहेका अनलाइन प्रणालीमा आधारित व्यक्तीगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- पालिकाको समग्र विषयवस्तु समेटी १० वर्षे भिडियो वृत्तचित्र कार्यक्रम संचालन गरिनेछ ।

- पर्यटन प्रर्वद्धनको लागि गाँउपालिका राष्ट्रिय महासंघको समन्वयमा साथै संस्थागत साझेदारीमा गाँउपालिकाहरुको २ दिने राष्ट्रिय भेला संचालन गरिनेछ ।
- हालसम्म सम्पन्न भएका सम्पूर्ण संरचनाहरुलाई एकैदिनमा उद्‍घाटन कार्यक्रम गरिनेछ ।
- पालिकाको १० वर्षे प्रगति पुस्तक प्रकाशन गरिनेछ ।
- १० वर्षे कानूनी सँगालो प्रकाशन गरिनेछ ।
- गाँउपालिकामा संचालन हुँदै आएको ई-हाजिरीलाई थप व्यवस्थित गरिनेछ । पालिकाबाट प्रवाह गरिने सेवा एवम् गतिविधिलाई क्रमशः विद्युतिय् शासन प्रणाली लागू गर्दै सेवालाई सरल, सहज र पारदर्शी गराईनेछ ।
- वृहत् सम्मान कार्यक्रम संचालन गरिनेछ । (वि.स.२०४८ साल यताका निर्वाचित गा.वि.स.अध्यक्ष/उपाध्यक्ष सबै, आचार्य, खेम्पु, हिमाली आरोही, राष्ट्रिय कलाकार, स्नाकोत्तर उत्तिर्ण, विभिन्न खेल जगतमा राष्ट्रिय/अर्न्तराष्ट्रिय, पदक विजेता, लोकसेवा उत्तिर्ण, समाजसेवी, उत्कृष्ट किसान, उपल्लो तहका राजनैतिक नियुक्ति पाएका व्यक्तिहरु, प्राविधिक तर्फका डाक्टर, ईन्जिनिएर, आदि ।)

## आधुनिक उर्जा : उज्यालो पालिका नीति :

- प्रत्येक नागरिकहरुको घर-घरमा विद्युत सुविधा उपलब्ध गराउने तथा काठको पोल पूर्णरुपमा विस्थापित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सबै वडाहरुमा नाङगो तार हटाई कालोतार विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति :

- मानसिक रोग सम्बन्धी अन्धविश्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्धन र रोकथामका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी महिला सहकारी, आमा समुह, समुदायमा आधारित संस्थाहरु, स्थानीयस्तरका राजनैतिक दलहरुको समन्वयमा जनचेतनाका सामुदायिक मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- समुदायमा रहेका बालबालिका, किशोरकिशोरीहरु तथा माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको मनो अवस्था पहिचान गर्न र मनोरोग बारे प्रचार-प्रसार गर्न विद्यालय स्तरीय मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- समुदायमा आत्महत्या न्यूनीकरण तथा रोकथाम सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालय स्तरका विद्यार्थीहरुमा देखिने मास कर्न्भजन/विकृत तनावका लक्षण जस्ता मनोसामाजिक लक्षण न्यूनिकरण तथा व्यवस्थापनका लागि विद्यालय शिक्षकहरुलाई सो सम्बन्धि अभिमुखिकरण कार्यक्रम र सम्पुर्ण विद्यालयमा १ जना फोकल पर्सन रहने गरि समिति गठन गरिनेछ ।

## भूमि व्यस्थापन नीति :

- एकीकृत वस्ती र निजी घरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भ-ूउपयोग ऐन बमोजिम वर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गरिनेछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई भूमि समस्या समाधान आयोग मार्फत जग्गा व्यवस्थापन गराउन आवश्यक पहल गरिनेछ ।
- भू-उपयोग ऐनका आधारमा पालिकाको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- भू-उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिने, कृषि योग्य जमिनको जथाभावी प्रयोगलाई नियन्त्रण गर्ने नीति लिईनेछ ।
- सडक तथा अन्य संरचना निर्माण गर्दा बढ्दै गएको भुक्ष्य नियन्त्रणको लागि संस्थागत साझेदारीमा बायो ईन्जिनियरिङ अर्न्तगत बाँस निगालो अमृसो अन्य प्रजातीका विरुवाको वृक्षारोपण कार्यलाई प्राथमिकता दिईनेछ ।

## गैर सरकारी संस्था नीति :

- गाउँपालिकामा एक गैर सरकारी संस्था समन्वय कक्ष स्थापना गरी समन्वय गर्ने व्यक्ति तोकिने छ ।
- गैर सरकारी संस्थाहरुको कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमले तोकेका प्राथामिकताका क्षेत्रमा रहने गरी गाउँपालिकाको प्रत्यक्ष निगरानीमा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।
- सबै संघ-संस्थाहरुलाई गाउँपालिकामा सूचिकृत गराउने नीति लिईनेछ ।
- अर्ध-वार्षिक रुपमा आवसीय गाउँपालिका तथा गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्यक्रम गरिरहेका सम्पूर्ण संघ संस्थाहरुबिच अर्न्तक्रियात्मक समिक्षा कार्यक्रम संचालन गरिनेछ ।

## उधोग, बाणिज्य तथा आर्थिक विकास नीति :

- यस गाउँपालिकामा उद्योग, कलकारखाना र साना-ठुला व्यवसाय स्थापना र संचालनको लागि लगानी तथा व्यवसाय मैत्री वाताबरण तयार गरी लगानी गर्न निजी क्षेत्रलाई आवह्न गरिनेछ ।
- व्यवसाय दर्ता, नविकरण बजार अनुगमन तथा मर्यादित व्यवसाय संचालनको लागि उद्योग वाणिज्य संस्थासँग सहकार्य गरिनेछ ।
- साना तथा मझौला उधोगहरु संचालनमा निजी क्षेत्रहरुलाई आवह्न गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति :

- सामाजिक सुरक्षा भत्ता भुक्तानी तथा घटना दर्तामा नागरिकको सहभागीता बढाईनेछ ।
- प्रचार प्रसारको लागि स्थानीय सञ्चार माध्यमको छनौट गर्ने र विभागले उपलव्ध गराएको सञ्चार सामाग्री प्रचार प्रसार गरिनेछ ।
- वडा कार्यालयहरुमा प्राप्त हुने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी निवेदन र सुचना फारमहरु अनलाईन मार्फत दर्ता गर्ने व्यवस्था मिलाईनेछ ।
- प्रत्येक त्रैमासिकमा विधुतिय् माध्याम बाट उपलब्ध सामाजिक सुरक्षा भत्ता वितरणमा आवश्यक समन्वय गरी व्यवस्थित गर्ने र वडा स्तरमा बैंक नै लगी भत्ता वितरण शिविर संचालन गरिनेछ।
- वडा कार्यलयमा पनि उपस्थित हुन नसक्ने ज्येष्ठ नागरिक, अपाङ्ग एवम् अस्वस्थ लाभग्राहीहरुको भत्ता वितरण निजहरुको घरमा नै गई भत्ता वितरण गरिनेछ ।
- प्रत्येक आ.व.को श्रावण मसान्त भित्र सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने र गर्न लगाउने, आवश्यकता अनुसार शिविर संचालन गर्ने । हरेक वडाका सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता राष्ट्रिय परिचयपत्रमा आधारित Biometric verification अनिवार्य गरिनेछ ।

## बजार अनुगमन, उपभोक्ता हक संरक्षण तथा खाद्य गुणस्तर नापजाँच नीतिः

- गाउँपालिकाले अर्धवार्षिक रुपमा गर्ने बजार अनुगमनलाई थप सचेतनामूलक र प्रभावकारी बनाउदैं खाद्यनिरीक्षण केन्द्र खाल्डेलाई पूर्ण रुपमा सञ्चालनको लागी आवश्यक व्यवस्था गरिनेछ । विद्यालयस्तरमा खाद्यसचेतना अभिवृद्धि गर्दै पत्रु खाना निषेधलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

अन्त्यमा, पाँचपोखरी थाङपाल गाँउपालिकाको समग्र विकास र समृद्धिको लागि सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने पाँचपोखरी थाङपाल गाँउपालिकावासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । १९ औं अधिवेशन तहसम्म आई पुग्दा हामीलाई महत्वपूर्ण सल्लाह, सुझाव, सहयोग दिनुहुने यस गाँउपालिकामा क्रियाशिल सम्पूर्ण राजनीतिक पार्टीका नेतृत्व वर्गहरु, सामाजिक संघ संस्थाहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकारहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, शिक्षा क्षेत्रका शैक्षिक व्यक्तित्वहरु, सामाजिक अभियन्ताहरु, स्वदेश तथा विदेशमा रहने यस गाँउपालिकाका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरु तथा आम पालिकाबासीहरुमा हार्दिक धन्यवाद सहित विशेष आभार व्यक्त गर्दछु । पाँचपोखरी थाङपाल गाँउपालिकाको समग्र विकासका निम्ती नीति, योजना तथा कार्यक्रम तर्जुमाका चरणमा सहयोग गर्नुहुने निर्वाचित जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक, सामाजिक, शैक्षिक, प्रशासनिक क्षेत्रका व्यक्तित्वहरु तथा गाँउवासी दाजुभाई, दिदिबहिनीहरु, विकास योजनाका उपभोक्ता समितिहरु, महिला, युवा, कृषक, ज्येष्ठ नागरिक,

अपाङ्ग, बालबालिका, संचारकर्मी लगायत सम्पूर्ण संजाल र समितिहरु साथै गाँउपालिका भित्र क्रियाशिल गैर-सरकारी संस्थाहरु सबैमा हार्दिक आभार सहित पुनः धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हार्दिक धन्यवाद सहित
**टासी लामा**
अध्यक्ष
पाँचपोखरी थाङपाल
गाउँपालिका

# पाँचपोखरी थाङपाल गाउँपालिका
## गाउँसभाको १९ औं अधिवेशन
# समक्ष पेश भएको २०८३/०८४ को बजेट वक्तव्य
# (मिति २०८३/०३/१० गते)

**सभा अध्यक्षज्यु,**
**गाउँसभाका सदस्यज्युहरु,**
**गाउँसभाका सचिवज्यु,**
**राष्ट्रसेवक कर्मचारीहरु ,**
**पत्रकार मित्रहरु,**
**सुरक्षाकर्मी मित्रहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु ।**

१. नेपालको संविधानले प्रदत्त गरेका अधिकार अन्तर्गत जनताले अनुभूती गर्न पाउने घरदैलोको सरकारको, स्थानीय सरकार यस सिन्धुपाल्चोक जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, कृषि तथा पर्यटनको हिसावले एकदमै धेरै महत्वपुर्ण केन्द्रको रुपमा स्थापित हुदैं गएको अवगत गराउँदै पाँचपोखरी थाङपाल गाउँपालिकाको गाउँकार्यपालिकाले पेश गरेको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम वार्षिक नीति तथा कार्यक्रमलाई मुर्त रुप दिन यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित भएको छु ।

२. नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासँगै विभिन्न समयमा भएको युगान्तकारी परिवतर्नको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उर्त्सग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु ।

३. नेपालको संविधान २०७२ मा भएको व्यवस्था अनुसार ३ तहका सरकार मध्ये जनतासँगै प्रत्यक्ष सम्बन्धमा रही स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस गाउँपालिकाको सर्वागिंण विकासका लागि यस अघिका वर्षहरुमा भएका सकारात्मक अनुभवहरुलाई निरन्तर सुधारात्मक एवम् गुणस्तरीय शिक्षा सहित यस पालिकामा जनताका जिवनस्तर उकास्न र जनउत्तरदायित्वको बोधबाट अभिप्रेरित गर्न ०८३/०८४ को नीति तथा कार्यक्रमहरु आवश्यकताका सबै पक्षहरुलाई समेटेर पाँचपोखरी थाङपाल गाउँपालिकालाई समृद्ध बनाउनका लागि अथक मेहनत गर्दै आईरहेका छौं ।

४. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार, पाँचपोखरी थाङपाल गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन दिगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रलाई आधार मानेर तयार गरिएको छ ।

५. आगामी आर्थिक वर्ष २०८३/०८४ को लक्ष्य अनुमान गर्दा आर्थिक मितव्ययीता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न गाउँपालिकालाई संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीको परिचालन गरी उत्पादन र रोजगार अभिवृद्धी गर्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

६. आगामी आर्थिक वर्ष २०८३/०८४ को लाीग बजेट तर्जुमा गर्दा विगत वर्ष देखि निर्माण सूरु भएका भौतिक पुर्वाधार निर्माणका कार्यलाई पूर्णता दिने गरी बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्र निमार्ण भएका सडक पूर्वाधारको क्रमस : स्तरोन्नती गर्दै दिगोपन हुने व्यवस्था मिलाएको छु ।

७. एक घर एक धारा एक मिटर खानेपानी, सिंचाई, कार्यक्रमलाई पुर्णता दिने सडकको स्तरोन्नती गर्ने, कृषि उत्पादन र बजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्ने, सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पर्यटनलाई विस्तार गरी पारदर्शी र जवाफदेहीता कायम गर्दे अनुशासनको अनुभूती दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरेको छु ।

८. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षालाई सम्बन्धित कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्षज्यू,**

९. आ.व. २०८२/०८३ को लागि निर्धारित गरिएका बजेट श्रोत मध्ये राजश्व बाँडफाँड र सवारी साधन कर बाँडफाँड, वित्तीय समनीकरण बजेट कम प्राप्त हुन आएको हुँदा श्रोतमा चाप परेको छ । आन्तरिक श्रोतमा पनि आंकलन गरे जति संकलन हुन सकेको छैन ।

**सभाध्यक्षज्यू,**

११. अब म आर्थिक वर्ष २०८३/०८४ कार्यक्रम तथा बजेट निर्माणका आधारहरु प्रस्तुत गर्दछु ।

१) नेपालको संविधान २०७२ ले दिएको अधिकार

२) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ का मापदण्ड

३) स्थानीय सरकार संचालन ऐन २०७४

३) दिगो विकास लक्ष्यहरु

४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

५) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४

६) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

७) स्थानीय निर्वाचनमा गरेका प्रतिबद्धताहरु

८) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

९) नागरिक समाज, बुद्धिजिवी वर्गहरु, समाजसेवीहरु, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका स्थानीयबासीहरुको रायसल्लाह सुझाव

१०) संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

११) सरोकारवाला, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको रायसल्लाह सुझाव

**सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम तथा बजेटका उद्धेश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**<u>कार्यक्रम तथा बजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन ।</u>**

१) स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन लगायतका क्षेत्रहरुमा लगानी गरी समृद्ध पाँचपोखरी निर्माण गर्ने ।

२) कृषिमा उत्पादकत्व वृद्धी गरी नागरिकहरुको खाद्य तथा पोषण सुरक्षामा सुनिश्चितता गर्ने ।

३) २०७८/०३/०१ गते र त्यस पछी यस गाउँपालिकामा आएको भिषण बाढी पहिरो लगायतका सम्भावित जोखिम र अन्य संक्रामक रोग, महामारी र विपद्जन्य जोखिमबाट नागरिकको जीवन रक्षा गरी जनजीविकालाई सहज बनाउने ।

४) सडकको स्तरोन्नती, भवन जस्ता पूर्वाधारलाई गुणस्तरीय र दिगो बनाउने ।

५) राहत सँगै रोजगारी कार्यक्रम संचालन गरी विदेशबाट फर्केका व्यक्ति तथा यस क्षेत्रमा रहेका बेरोजगार व्यक्तिहरुलाई राष्ट्रिय रोजगार कार्यक्रममा आधारित रोजगारी प्रदान गर्ने ।

६) सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, प्रभावकारी एवम् पारदर्शी बनाउने ।

७) उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान बोकेको यस क्षेत्रमा पर्यटकीय गतिविधी सूचारु गर्दै यस गाउँपालिकालाई कृषि, साहसिक, आध्यात्मिकका साथै हिलिङ टुरिज्मको नयाँ अवधारणालाई आत्मसात् गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

**सभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

बजेटका उद्धेश्यहरु हासिल गर्न मैले देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।

१) गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा वृद्धी

२) गुणस्तरीय र दिगो पूर्वाधार विकास

३) सार्वजनिक सेवाको प्रभावकारीताको लागि सुशासनयुक्त गाउँपालिकाको निर्माण ।

४) समृद्धीको आधार र संवाहक कृषि र पर्यटन

५) विपद् तथा महामारीजन्य परिस्थितिबाट सुषुप्त अवस्थामा रहेको यस क्षेत्रको आर्थिक विकास

**सभा अध्यक्षज्यु, सभाका सदस्यज्युहरु,**

अव म आगामी आर्थिक बर्ष २०८३/०८४ को आयका शिर्षकहरु सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| **आ.व.२०८३/०८४ को आय तर्फ** | | |
|---|---|---|
| **सि.नं.** | **आयका शिर्षकहरु** | **रकम** |
| **संघीय सरकारबाट हस्तान्तरित** | | |
| १ | वित्तीय समानीकरण अनुदान | **११ करोड ५८ लाख** |
| २ | शर्सत अनुदान | **२० करोड ७९ लाख** |
| ३ | समपुरक अनुदान | **१ करोड २२ लाख** |
| ४ | विशेष अनुदान | **१ करोड ७२ लाख** |
| **जम्मा (क)** | | **३५ करोड ३१ लाख** |
| **प्रदेश सरकारबाट हस्तान्तरित** | | |
| १ | वित्तीय समानीकरण अनुदान | **१ करोड ४ लाख ६१ हजार** |
| २ | शर्सत अनुदान | **१ करोड ७२ लाख ५१ हजार** |
| ३ | समपुरक अनुदान | **२ करोड ५५ लाख ५० हजार** |
| ४ | विशेष अनुदान | **७० लाख** |
| **जम्मा (ख)** | | **६ करोड २ लाख ६२ हजार** |
| **स्रघ सरकारबाट हस्तान्तरित राजश्व बाँटफाँट** | | |
| १ | बाँटफाँट भई प्राप्त हुने मुल्य अभिवद्धी कर | **१० करोड ५ लाख ९५ हजार ४ सय** |

| | | |
|---|---|---|
| **जम्मा (ग)** | | |
| **प्रदेश सरकारबाट हस्तान्तरित राजश्व बाँटफाँट** | | |
| ३ | बाँटफाँट भई प्राप्त हुने सवारी साधन कर | **३ करोड ९० लाख** |
| **जम्मा (घ)** | | **४ करोड ९० लाख** |
| **अन्य आय** | | |
| १ | रोयल्टी बाँडफाँड | **१८ लाख** |
| २ | घरजग्गा रजिष्ट्रेसन | **१० लाख** |
| ३ | आन्तरिक आय | **५ करोड ५० लाख** |
| ४ | गत आ.व. को अल्या रकम | **१ करोड १० लाख ३५ हजार ७ सय ५०** |
| | **जम्मा (ङ)** | **३ करोड ७८ लाख** |
| | **गाउँपालिकाको जम्मा आय** | **६२ करोड १७ लाख ९३ हजार १ सय ५०** |

१२. चालु आर्थिक बर्ष २०८३/०८४ को लागि प्रस्तावित अनुमान **रु. ६२,१७,९३,१५०|००** (रु. **६२** करोड **१७** लाख **९३** हजार **१** सय **५०** मात्र ।) बजेट पेश गरेको छु। आर्थिक बर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता बाहेक रु. रु. **५९,३४,१५८००|-** ( रु. **५९** करोड **३४** लाख **१५** हजार **८** सय रुपैंया मात्र ।) रहेको छ। चालु आर्थिक बर्षमा गरिएको प्रस्तावित अनुमान भन्दा **४.७८** प्रतिशतले बढी हुन आउँछ ।

१३. अब म देहाए बमोजिम पुर्वाधार निर्माण र क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**सभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

- संघ, प्रदेश लगायत अन्य संघ संस्थासँगको साझेदारीमा संचालन हुने यस गाउँपालिका भौतिक पूर्वाधार विकास लगायत अन्य कार्यक्रमको साझेदारीका लागि रु. १४ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका स्तरीय योजना निर्माणको लागि रु.२ करोड ८६ लाख बजेट विनियोजन गरेको छु ।
- आ.व. २०८३/०८४ का लागी प्रत्येक वडाको आर्थिक तथा भौतिक पूर्वाधार विकासको लागि रु.४० लाखका दरले कुल जम्मा रकम रु. ३ करोड २० लाखको बजेट विनियोजनको व्यवस्था गरेको छु साथै यस क्षेत्रको पर्यटन प्रवद्धनका लागि वडा नं. ७

को भोटेनाम्लाङमा ८४ फिट अग्लो बुद्धमुर्ती निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

- यस वर्ष पनि वडा नं. ३, ४ को वडा कार्यालय भवनहरु निर्माणका लागि बजेट व्यवस्था गरेको छु ।
- **"गुणस्तरीय शिक्षाको आधारः प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार"** बनाउने उद्धेश्यले शिक्षा क्षेत्रमा रु. २ करोड ९९ लाख ५७ हजार रुपैँया बजेट विनियोजन गरेको छु । साथै शिक्षा क्षेत्रमा आ.व. २०८३/०८४ को लागि शैक्षिक गुणस्तर अभिवृद्धिको लागि गैर सरकारी संस्थाहरुसँगको लागत साझेदारीलाइ निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालयमा जाने अनुदानलाई कार्य सम्पादनको आधारमा जाने व्यवस्था गर्दै । सूचना प्रविधिमा आधारित शिक्षण सिकाईलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छू ।
- स्थानीय पाठ्यपुस्तक लागु गर्दै विशिष्ट व्यक्तिको योगदानलाई कदर गर्दै पुस्तकमा राखिने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नको लागि स्वास्थ्य क्षेत्रमा रु. ७५ लाख ६८ हजार रुपैँया बजेट विनियोजन गरेको छु ।
- यस क्षेत्रका आम विमारी नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवाका साथै घरदैलो स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छु ।
- नागरिक आरोग्यता प्रर्वद्धन गर्न बजेट विनियोजन गरेको छु ।
- सबै बर्थिङ सेन्टरहरुको स्तरोन्नती, गाउँपालिकाभित्र एकीकृत एम्बुलेन्स सेवा संचालन, सुत्केरी महिलालाई पालिकाभित्र तथा पालिका बाहिर स्वास्थ्य संस्थामा जाँदा एकतर्फि निःशुल्क एम्बुलेन्स सेवा प्रदान, ७० वर्ष माथिका जेष्ठ नागरीक, "क" वर्ग श्रेणीका अपाङ्ग, विपन्न वर्ग, विधुवा महिला र विपन्न दिर्घरोगी बिरामीहरु, जेष्ठ नागरिकहरुलाई घर-घरमा गई निःशुल्क स्वास्थ्य उपचार सेवा प्रदान गर्ने जस्ता कार्यक्रमलाई विशेष जोड दिएको छु ।
- कृषि विकासको क्षेत्रमा तथा उत्पादकत्व वृद्धि तथा बजारीकरण गर्न र कृषकहरुलाई विउविजनको लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु ।
- चियाक्षेत्र विस्तार, गाउँपालिकाको माथिल्लो क्षेत्रमा एक-एक कृषिजन्य उत्पादनको पकेट जोन विकास गर्न, बहुवर्षिय फलफुल खेती, स्थानीय स्तरमा उत्पादित अर्गानिक तरकारी तथा कृषिजन्य वस्तुहरुको बिक्रि वितरणका लागि प्रबन्ध मिलाउन कृषि संकलन केन्द्र, कृषिजन्य वस्तुहरुको ओसारपसार गर्न कृषि एम्बुलेन्स संचालन जस्ता कार्यक्रमहरु संघ संस्थाहरुको साझेदारी संचालन गर्ने व्यवस्था मिलाईएको छु ।
- प्राङ्गरिक मल उत्पादन तथा भकारो सुधार, पशुपंक्षीको औषधी उपचार, कृत्रिम गर्भाधान, पशुमा लाग्ने महामरीजन्य रोग नियन्त्रण तथा पशु बिमामा अनुदान जस्ता

कार्यक्रमहरु संचालन गर्न **पशु विकास कार्यक्रमको** लागि रु.३९ लाख बजेट विनियोजन गरेको छु ।

- डेरीबाट दुध संकलन गर्ने किसानलाई प्रति लिटर रु. ३ दिदै आएकोमा २ रुपैया बढाएर रु. ५ का दरले प्रोत्साहन स्वरुप दिने व्यवस्था मिलाईएको छु ।
- पाँचपोखरी समृद्धिको एक बलियो खम्बाको रुपमा रहेको र प्रचुर सम्भावना बोकेको **पर्यटनको क्षेत्र स**मष्टिगत विकास तथा प्रर्वद्धन गर्न रु. २७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका सबै माध्यमिक स्तरका विद्यालयमा पर्यटन क्लब निर्माण गरी उक्त क्लब मार्फत **"मेरो गाउँ, म चिनाउँछु, म भित्राउँछु हाम्रो गाउँमा पर्यटक, आफ्नै गाउँमा बसेर"** भन्ने अभियान संचालन गरिने छ ।
- गाँउपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा, हबेली, लहरेमाने, देउराली, ढुङ्गेधारा, बहाल, पोखरी, चैत्य, स्तुपा आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ । ऐतिहासिक परिचय खुल्ने गरी सबै भाषाका ऐतिहासिक महत्व बोकेका स्थानहरुलाई नामाकरण गरी संकेत चिन्ह राख्ने तथा त्यस्ता स्थानमा उक्त ठाँउको संक्षिप्त परिचय दिने गरी क्यूआर कोड (QR Code) राख्ने कार्यलाई अगाडी बढाईने छ ।
- विपद, वन, वातावरण तथा भू-संरक्षण लागि रु. ६४ लाख रुपैंया विनियोजन गरेको छु ।
- बाढी तथा पहिरोको उच्च जोखिममा रहेका समुदायहरुको भौगर्भिक अध्यनका लागि प्रदेश, संघीय सरकार र अन्य संघसंस्थाहरुसँग समन्वय गरिनेछ । बाढी पहिरो पिडित लाभग्राहीका घर पुर्ननिर्माणलाई निरन्तरता दिइनेछ ।
- पूर्वतयारी सम्बन्धी काम, पूर्व सूचना प्रणालीको, स्थापना, नमूना अभ्यास सचालन प्रतिकार्य समिति पुर्नगठन तथा क्षमता विकास, तालिम प्रशिक्षण र उद्दार तथा राहत सामग्रीको भण्डारण गर्ने व्यवस्था मिलाईएको छ ।
- विपद् सम्वन्धि कार्यका लागि प्रत्येक वडामा विपद् व्यवस्थापन केन्द्रको स्थापना गरी राहत र उद्धार सामाग्रीको खरिद गरी व्यवस्थापन गरिनेछ ।
- सडक भवन जस्ता पूर्वाधारलाइ गुणस्तरीय र दिगो बनाउन भौतिक पुर्वाधारका कार्यक्रमलाई निरन्तरता दिदैं आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका खानेपानी र सिँचाईको मर्मत संभारको लागि रु. १० लाख विनियोजन गरेको छु ।
- भौतिक निर्माणका सबै योजनाहरुमा **१० प्रतिशतमा** लागत साझेदारी हुने व्यवस्था मिलाएको छु । साथै गाउँपालिका भित्रका विजुलीका नाङगो तार विस्थापन गरी केवल तार राख्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- एक घर एक धारा र एक मिटर अभियान सम्पन्न गर्ने गरि कार्य अगाडि बढाईनेछ

- महिला, दलित, आदीवासी जनजाती, अपाङग, बालबालिका लगायत लक्षित वर्ग तथा सामाजिक विकासका सबै कार्यक्रमलाई निरन्तरता दिदैं रु. २७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- "जेष्ठ नागरिकलाई सम्मान, बालमैत्री स्थानीय तहको वडा घोषणाका लागि पूर्व तयारी कार्यक्रम, बालविवाह विरुद्ध सचेतनामुलक कार्यक्रम, बाल न्यायको लागि बालमैत्री निगरानी कक्ष तथा बैंकिङ प्रणाली मार्फत वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई वितरणलाई निरन्तरता दिएको छु ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पर्यटनलाई विस्तार गरी पारर्दर्शि र जवाफदेहीता कायम गर्दे अनुशासनको अनुभूती दिलाउने जस्ता विभिन्न योजना तथा कार्यक्रमलाई समावेश गरेको छु । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- करार कर्मचारीहरुको लागि १० प्रतिशत सामाजिक सुरक्षा कोषको व्यवस्था गरेको छु ।
- खेलकुद क्षेत्रको समष्टिगत कार्यक्रम र गतिविधि संचालन गर्न युवा तथा खेलकुद विकासको लागि रु. ३७ लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकास्तरमा नमूना युवा संसद कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको विधुत तथा उर्जाको तथा नाङगो तार व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु ।
- वातावरण संरक्षण र प्रर्वद्धनका गरी सफा गाउँपालिका बनाउनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका साथै प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गरी प्लाष्टिक निषेधित गाउँपालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।
- गाऊँपालिकाको राजश्व सुधार कार्ययोजनालाई कार्यन्वयनमा ल्याईनेछ । जसका लागि कार्यक्रम संचालन गर्न बजेटको विनियोजनको व्यवस्था गरेको छु । साथै करका केही दरहरुमा हेरफेर समेत गरेको छु ।
- कानून तथा मानव अधिकारका लागि सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ । जसका लागि रु. ९ लाख ५ हजार लाख रुपैंया बजेट विनियोजन गरेको छु ।
- भुमि व्यवस्थापनका लागि एकीकृत वस्ती र निजीघरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम वर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था मिलाएको छु । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- गाउँपालिका भित्र सञ्चालन हुने सार्वजनिक निर्माणमा आवश्यक पर्ने अदक्ष कामदार परिचालन गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा अन्य कार्यक्रमले रोजगार सेवाकेन्द्र सँग समन्वय गरि सूचीकृत कामदार प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ । रोजगार सेवा प्रर्वद्धनका लागि साझेदारी गर्न रु. १४ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- नेपाल सरकारले स्विकृत गरेको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय सरकारले प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा संचालन गर्न साझेदारीका आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभा अध्यज्क्षयु,**

- आर्थिक वर्ष ०८२/०८३ मा गाउँपालिका भित्र शुरु भई सम्पन्न गर्न नसकेका स्वीकृत आयोजनालाई आगामी आ.व. ०८३/०८४ मा क्रमागतमा राखी सञ्चालन हुने व्यवस्था मिलाएको छु ।
- आ.व. ०८३/०८४ का लागि आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ यसै साथ प्रस्तुत गरेको छु ।

## पाँचपोखरी थाङ्गपाल गाँउपालिकाको विनियोजन ऐन, २०८३

पाँचपोखरी थाङ्गपाल गाँउपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना** : पाँचपोखरी थाङ्गपालको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"पाँचपोखरी थाङ्गपाल गाउपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/०८४ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालु खर्च, पुँजिगत खर्च, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, आर्थिक वर्ष **२०८२/०८३** मा सञ्चालित आयोजना

तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी विवरण र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु. **रु. ६२,१७,९३,१५०।००** (रु. **६२** करोड **१७** लाख **९३** हजार **१** सय **५०** मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त पाँचपोखरी थाङ्गपाल गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । तर पुँजिगत खर्च शिर्षकबाट चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

**अब म देहाए बमोजिम पुर्वाधार निर्माण र क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।**

| **आर्थिक वर्ष २०८२/०८३ को लागि विषयगत व्यय तर्फ** | | |
|---|---|---|
| **सि.नं.** | **व्ययका शिर्षकहरु** | **रकम** |
| १ | प्रशासनिक खर्च | **११ करोड १ हजार ५ सय ७५** |
| २ | शिक्षा विकास कार्यक्रम | **२ करोड ९९ लाख ५७ हजार** |
| ३ | स्वास्थ्य सेवा | **७८ लाख ६० हजार** |
| ४ | कृषि विकास कार्यक्रम | **२५ लाख** |
| ५ | न्यायीक समिति | **१० लाख ५ हजार** |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | **११ लाख** |
| ७ | संस्कृती तथा पर्यटन विकास कार्यक्रम | **२७ लाख ५० हजार** |

| | | |
|---|---|---|
| ८ | पशु विकास कार्यक्रम | **३९ लाख** |
| ९ | यूवा तथा खेलकुद विकास | **३७ लाख** |
| १० | लघुउद्यम उद्यमशिलता विकास कार्यक्रम | **२ लाख** |
| ११ | रोजगार सेवा साझेदारी | **१४ लाख** |
| १२ | सामाजिक तथा आर्थिक विकास | **४ लाख** |
| १३ | महिला विकास कार्यक्रम | **९ लाख** |
| १४ | बालवालिकासँग सम्बन्धीत कार्यक्रम | **३ लाख** |
| १५ | दलितसँग सम्बन्धीत कार्यक्रम | **३ लाख** |
| १६ | आदीवासी जनजाती कार्यक्रम | **४ लाख** |
| १७ | जेष्ठ नागरिक कार्यक्रम | **५ लाख** |
| १८ | अपाङसँग सम्बन्धीत कार्यक्रम | **३ लाख** |
| १९ | राजस्व व्यवस्थापन कार्यक्रम | **३ लाख ५० हजार** |
| २० | सूचना प्रविधि तथा संचार कार्यकम | **१३ लाख** |
| २१ | सहकारीसँग सम्बन्धीत कार्यकम | **५ लाख** |
| २२ | सुरक्षित आप्रवासन सामी परियोजना | **१ लाख** |
| २३ | लेखा तथा लेखा परिक्षण व्यवस्थापन | **२ लाख** |
| २४ | विधायन समिति | **७ लाख ५० हजार** |
| २५ | बजार अनुगमन,उपभोक्ता हक संरक्षण तथा खाद्य गुणस्तर नापजाँच शाखा तर्फ | **३ लाख** |
| २६ | सूचना केन्द खाल्डे | **५ लाख** |
| २७ | संस्थागत सुदृढीकरण तथा सेवा प्रवाह कार्यक्रम | **२ करोड** |
| २८ | साझेदारी तथा अन्य कार्यक्रम | **४ करोड ८१ लाख ३८ हजार ५ सय ७५** |
| २९ | वन तथा वातावरण र विपद् | **६४ लाख** |
| ३० | पाँचपोखरी प्राथमिक अस्पताल अनुदान | **१० लाख** |
| ३१ | मनोसामाजिक परामर्श सेवा | **१ लाख** |
| ३२ | संस्थागत विकास सेवा प्रवाह सुशासन तथा क्षमता विकास | **३४ लाख ८० हजार** |
| ३३ | गाउँपालिका स्तरीय योजना | **२ करोड ८६ लाख** |

| | | |
|---|---|---|
| ३४ | वडास्तरीय योजना | **३ करोड २० लाख** |
| ३५ | भुक्तानी दिन बाँकी योजना | **५० लाख** |
| ३६ | वडागत दशै लक्षित सडक मर्मत | **५५ लाख** |
| ३७ | बहुबर्षिय योजनाहरु | **१ करोड ३० लाख** |
| **जम्मा** | | **३३ करोड ४६ लाख ९२ हजार १ सय ५०** |
| १ | संघ प्रदेश शर्सत | **२२ करोड ५१ लाख ५१ हजार** |
| २ | संघ प्रदेश समपुरक | **३ करोड ७७ लाख ५० हजार** |
| ३ | संघ प्रदेश विशेष | **२ करोड ४२ लाख** |
| **जम्मा** | | **२८ करोड ७१ लाख १ हजार** |
| **कुल जम्मा व्यय** | | **६२ करोड १७ लाख ९३ हजार १ सय ५०** |

**अन्त्यमा,**

बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रदेय अध्यक्षज्यु तथा आदरणीय सभाका सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यु लगायत गाउँपालिकाका भित्रका सबै राष्ट्र सेवक कर्मचारी, राजनीति दल  निजी क्षेत्र, नागरिक समाज, आम सरोकारवालाबाट प्राप्त राय, सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा सहयोग गर्नु हुने पालिलकाबासी दाजुभाई तथा दिदीबिहनी जनप्रतिनिधी ज्युहरु, स्थानीय राजनीतिक दल ,नागिरक समाज निमार्ण व्यवसायी उपभोक्ता समिति तथा आम सरोकारवाला सबैको साथ सहयोग र समथर्न रहने अपेक्षा गरेको छु ।

विगतका बर्षबाट यस गाउँपालिकाले लिएका रणनीति, दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लीग प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यन्वयन हुन सकेमा गाउँपालिलको भौतिक पूवार्धार, आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने  देखिएकाले यसको सफल कार्यन्वयनका लागि सम्बन्धीत सबै पक्षहरूबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद ,**

**सुनिता अधिकारी**
**उपाध्यक्ष**
**पाँचपोखरी थापङपाल गाउँपालिका**